जाडो मौसममा चीसोबाट बचौं
> जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
> तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
> घर तथा कोठा न्यानो बनाऔं,
> बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
> बढी चीसोमा मर्निङवाक नगरौं,
> दैनिक घाम ताप्ने गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com


प्रतीक

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर २७ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 December 12 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०४

## पत्रकारको चुनावः ३५ सिटको लागि ७८ जना आकाङ्क्षी अध्यक्षमा तिवारी र खनाल प्रतिस्पर्धा गर्दै

प्रस, वीरगंज, २६ मङ्सिर/

नेपाल पत्रकार महासङ्घ, पर्साको चुनावी प्रक्रिया शुरू भएको छ । जस अन्तर्गत बुधवार उम्मेदवारी दर्ताको कार्यतालिका थियो ।

उम्मेदवारी दिने समयावधिभित्र १९ सदस्यीय जिल्ला कार्यसमिति, ११ सदस्यीय प्रदेश परिषद् सदस्य र पाँच सदस्यीय राष्ट्रिय परिषद् सदस्य गरी कुल ३५ सिटको लागि ७८ जनाको उम्मेदवारी परेको निर्वाचन समितिले जनाएको छ ।

मुख्य निर्वाचन अधिकृत शत्रुघ्न नेपालका अनुसार अध्यक्षमा अनुप तिवारी र ओमप्रकाश खनालको उम्मेदवारी परेको छ । त्यसैगरी, उपाध्यक्ष (खुलातर्फ)मा तीनजनाले उम्मेदवारी दिएका छन् । अलिअसगर देवान, भूषण यादव र जगत राईले खुला उपाध्यक्ष पदमा उम्मेदवारी दर्ता गराएका छन् भने महिला उपाध्यक्षमा कविता खड्का र नीलिमा पौडेलले उम्मेदवारी दिएका छन् ।

त्यसैगरी, सचिवमा शेखरबहादुर क्षत्री, मनोज पटेल, विजय चौहान, सफल खतिवडा गरी चारजनाले उम्मेदवारी दिएका छन् । सहसचिवमा अमित अग्रवाल, अजय चौरसिया, उदय दास, इरफान अली, शम्भुकुमार सुमन गरी छजनाले उम्मेदवारी दर्ता गराएका छन् ।

त्यसैगरी, कोषाध्यक्षमा सञ्जीवकुमार मिश्र, धनञ्जय मिश्र, अमितकुमार साह, जियालालप्रसाद साह गरी चारजनाको उम्मेदवारी परेको छ ।


तस्वीरः प्रतीक

महिला सदस्य, आदिवासी जनजाति र मधेसी सदस्यतर्फ तीन/तीन जना गरी नौजनाको उम्मेदवारी परेको छ । त्यसैगरी, दलित सदस्यमा छेदीलाल (सुभाष) राम निर्विरोध निर्वाचित भएका छन् ।

महिला सदस्यतर्फ कमला भण्डारी, विमला गुप्ता, नीलम पन्त गरी तीन जना, आदिवासी जनजातितर्फ रश्मिराज भण्डारी, अजित भुजेल, राम मण्डल र मधेसी सदस्यतर्फ रञ्जीत यादव, आरोहण साह र कृष्णकुमार यादवको उम्मेदवारी परेको छ । त्यसैगरी, दलित सदस्यमा छेदीलाल (सुभाष) राम निर्विरोध निर्वाचित भएका छन् ।

अन्य समावेशीतर्फ एक सिटको लागि मुनेश लायो मगर, प्रकाशकुमार तिवारी, सब्दर हुसेन, शेख मक्दुम जहाँगस्त गरी चारजनाको उम्मेदवारी परेको छ भने खुला सदस्यतर्फ छवटा सिटका लागि अखिलेश साह, नितेश कर्ण, राजन रौनियार, आनन्द पटेल, प्रणयकुमार साह, शैलेश कुशवाहा, राकेशकुमार साह गोढ, धर्मेन्द्र चौरसिया, रञ्जीतकुमार गुप्ता, रितेन्द्र झा, प्रणय साह, बलिराम यादव, तिवारी यादव, श्याम कुशवाहा, राजनकुमार बानिया, राजनकुमार सिंह, विनोदप्रसाद पटेल, कपिलदेवप्रसाद यादव, राहुलकुमार गुप्ता, बलिराम शुक्ला, प्रमोद यादव, रञ्जीत चौरसिया, शोभाकुमारी धमला, शबनम भट्टराई गरी २४ जनाको उम्मेदवारी परेको छ ।

यसैगरी, ११ सदस्यीय प्रदेश पार्षद्को लागि अशोक श्रीवास्तव, दीपेन्द्रप्रसाद साह, ग्यासुमिया देवान, भरत सर्राफ, पुष्पराज तिमिल्सिना, वीरेन्द्र साह र शिवशङ्कर साह गरी जम्मा सातजनाको उम्मेदवारी परेकामा सातैजना निर्विरोध निर्वाचित भएको मुख्य निर्वाचन अधिकृत नेपालले जानकारी दिएका छन् ।

त्यसैगरी, राष्ट्रिय परिषद् सदस्यतर्फ पाँचवटा सिटको लागि राघव साह कानू, लालकिशोर सिंह, श्रीराम रायमाझी, सुषमा गौतम, आशिक अन्सारी, विजय कुशवाहा, लालबाबू शेख, महेशचन्द्र गौतम गरी आठजनाको उम्मेदवारी परेको उनले बताए ।

## बारामा ४३ जना उम्मेदवार, अध्यक्षमा तीनजना खुला उपाध्यक्ष, महिला उपाध्यक्ष र सचिव निर्विरोध

प्रस, परवानीपुर, २६ मङ्सिर/

नेपाल पत्रकार महासङ्घ, बाराको चुनावी प्रक्रिया पनि शुरू भएको छ । नेपाल पत्रकार महासङ्घ बाराको सभाहलमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी प्रक्रिया अगाडि बढाइएको छ ।

बुधवार उम्मेदवारी दिने कार्यतालिका रहेकोमा कुल ३४ सिटको लागि ४३ जनाले उम्मेदवारी दिएका छन् । नेपाल पत्रकार महासङ्घ बाराको अध्यक्ष पदको लागि तीनजनाले उम्मेदवारी दिएका छन् । सो पदमा रमेश सुवेदी, श्यामबाबूप्रसाद यादव र अनिलकुमार तिवारीले उम्मेदवारी दर्ता गरेका छन् ।

एक सिटको खुला उपाध्यक्षतर्फ पन्नालाल दास, महिला उपाध्यक्षतर्फ प्रियङ्का दास र सचिवमा पुष्पराज खतिवडा गरी एक/एक जनाको मात्र उम्मेदवारी परेकोले तीनैजना निर्विरोध निर्वाचित भएका मुख्य निर्वाचन अधिकृत निमेष तिमिल्सिनाले जानकारी गराए ।

त्यसैगरी, सहसचिवमा प्रदीप गौतम र इन्दीप कोइराला गरी दुईजनाको उम्मेदवारी परेको छ । सहसचिव समावेशीमा दुष्यन्त चौधरी र अरुण कुशवाहाको उम्मेदवारी परेको छ । कोषाध्यक्षमा अनिल पाण्डे, रञ्जन यादव, महिला सदस्यमा प्रियङ्का सर्राफ, काजल कार्की, तुलसा घिमिरे गरी तीन जनाको उम्मेदवारी परेको छ । त्यसैगरी, दलित सदस्यमा शर्मालाल बैठा, आदिवासी जनजाति सदस्यमा धीरेन्द्र पनुहर, मधेसी सदस्यमा धीरेन्द्र तिवारी, अन्य समावेशी सदस्यमा नुरआलम मन्सुर निर्विरोध निर्वाचित भएका छन् ।

खुला सदस्यको छवटा सिटको लागि रतन टेमानी, नरेश गुप्ता, चन्दनकुमार मेहता, राहुल गुप्ता, प्रभुप्रसाद यादव, जिउतप्रसाद यादव, प्रह्लाद तिमल्सिना, नवीन चौधरी, नारायण पौडेल गरी नौजनाको उम्मेदवारी परेको छ ।

त्यसैगरी, ११ सदस्यीय प्रदेश परिषद् सदस्य पदमा अमिलकुमार साह, श्रीकान्त गुप्ता, रामेश्वर मेहता, गम्भीरा सहनी, मनोजकुमार साह, श्यामबाबू गुप्ता, भोलानाथ पौडेल, सिकेन्द्र साह, पवन यादव, लक्ष्मी पाण्डे गरी १० जनाको उम्मेदवारी परेकामा १० जना नै निर्विरोध निर्वाचित भएका छन् भने पाँच सदस्यीय केन्द्रीय परिषद्मा लक्ष्मी साह, गोकुल घोरसाइने, कमलकुमार उपाध्याय, भोजराज भट्टराई र सत्यप्रसाद श्रेष्ठ गरी पाँचजनाको उम्मेदवारी परेकामा उनीहरू सबैजना निर्विरोध निर्वाचित भएका छन् ।

## पुरुषकै नागरिकता बोक्छन् पर्साका तेस्रोलिङ्गीहरू

प्रस, परवानीपुर, २६ मङ्सिर/

पर्सामा करीब चार हजार तेस्रोलिङ्गी रहेका छन् । जसमध्ये ५०० जना मात्र खुलेर सार्वजनिकरूपमा जीवनयापन गर्छन् भने साढे तीन हजारजना अहिले पनि सार्वजनिकरूपमा खुल्न सकेका छैनन् ।


तेस्रोलिङ्गी ममता र सजिया । तस्वीरः प्रतीक

तेस्रोलिङ्गीको हकअधिकारको लागि अभियान जारी राखेको सहयात्री समाज नेपाल, वीरगंजका कार्यकारी संयोजक सुरज लिम्बूका अनुसार सार्वजनिकरूपमा खुलिसकेकाले मात्र 'म तेस्रोलिङ्गी हुँ' भनेर पहिचानसहित अरूलाई बताउने गरेका छन् भने आफ्नो पहिचान नखोलेकाहरू लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक भए तापनि उनीहरू पुरुषकै रूपमा समाजमा बाँच्न बाध्य छन् । अध्यक्ष लिम्बूले कतिपयले आफू तेस्रोलिङ्गी भए तापनि पुरुष भनी नागरिकता लिएका कारण विभिन्न ठाउँमा गालीगलौज र अनेक समस्या सहनुपरेको बताए ।

वीरगंज–१६ नगवाकी ममता तेस्रोलिङ्गी भएपनि विभिन्न सरकारी निकायमा आफ्नो नागरिकता पेश गर्दा झन्झट खेप्नुपरेको बताउँछिन् । उनी जन्मिदा पुरुष थिए, उनको बुबाआमाले उनको नाम महम्मद मुख्तार राखे । १०–११ वर्षको उमेरमा कक्षा ५ सम्मको पढाइ सकेपछि केटीहरूसँग खेल्ने, केटीको कपडा लगाउने, शृङ्गार गर्ने, विभिन्न नाचहरूमा केटी बनेर नाच्ने गरेपछि घर परिवारका सदस्यहरूले उनलाई छक्का, मौगा भनी हेला गर्न थाले । त्यसपछि उनी महिलाजस्तै बनेर जीवन बिताइरहेको बताउँछन् ।

लिङ्गविपरीतको अनुभूतिको आधारमा आफू तेस्रोलिङ्गी हुँ भनेर विभिन्न गैरसरकारी संस्थाहरूका कार्यक्रममा आबद्ध भएपछि थाहा पाएको र त्यसपछि उनी तेस्रोलिङ्गीकै रूपमा बाँचिरहेको बताउँछिन् । तर आफूलाई पुरुषकै नागरिकता बोक्नुपर्ने बाध्यता रहेको बताउँछिन् । उनले नागरिकता बनाउन जाँदा कपाल ठूलठूलो पालेको हेर्दा जिल्ला प्रशासन कार्यालय, पर्साको मूलगेटमा एकजना प्रहरीले यो तेस्रोलिङ्गी हो भन्दै यसको नागरिकता बन्दैन भनेर आलोचना पनि गरेको बताइन् । तर सनाखत हुने बेलामा बुबाले टोपी लगाएर फोटो खिंचाइ नागरिकता बल्लतल्ल बनाए ।

अहिले पनि बैंकमा खाता खोल्न जाँदा, नागरिकताको प्रतिलिपि लिन जाँदा, हवाइ यात्रा गर्दा बोर्डिङ पासको समयमा विभिन्न झन्झट खेप्नुपरेको उनको अनुभव छ ।

उनले भनिन्, "नागरिकता देखाउँदा पुरुष मान्छेको हो तर स्वरूप महिलाको जस्तै देखिएपछि सुरक्षाकर्मीहरूले विभिन्न झन्झट तेर्स्याउँछन् ।" सरकारी काममा सर्जमिन, मुचुल्का र वडाको सिफारिशसमेत खोज्ने गरेको उनी बताउँछिन् । पहिले मतदानको लागि पुरुष र महिलाको मात्र लाइन हुने गरेकामा २०७९ सालको चुनावदेखि महिला, पुरुष र अन्य भनी लाइन बनाइएको तर आफूहरू अन्य वर्गमा लाइन लाग्न चाहे पनि कानूनीरूपमा पुरुष नै रहेको हुँदा पुरुषको लाइनमा बस्नुपरेको दुःखेसो पोखिछन् ।

नागरिकता परिवर्तन गर्दा अन्य कानूनी जटिलता सामना गर्नुपर्ने भएकोले त्यसो नगरेको वीरगंज–२४ रानीघाटकी अर्की तेस्रोलिङ्गी सजिया बताउँछिन् । ४५ वर्षीया सजिया घरपरिवारबाट टाढा डेरा लिएर बस्छिन् । बुबाआमाको तीन छोरामध्ये कान्छा छोराको रूपमा जन्मेका राजेन्द्र सहनी १५–१६ वर्षको उमेरपछि आफू तेस्रोलिङ्गी हुँ भनेर बुझेका थिए । तेस्रोलिङ्गीहरूलाई घरपरिवारले बहिष्कार गर्ने, धनसम्पत्तिबाट वञ्चित गर्नेलगायतका समस्या खेप्नुपरेको उनीहरू बताउँछन् ।

नेपाल सरकारले संविधानमा गरेको व्यवस्था अनुसार सहज प्रक्रियाबाट विपरीत अनुभूतिको आधारमा लैङ्गिक तथा अल्पसङ्ख्यक समुदायको लागि नागरिकता बनाउनुपर्ने, नियम ल्याउनुपर्ने र राज्यका अन्य हकअधिकारमा आफूहरूको सहभागिता हुनुपर्ने तेस्रोलिङ्गीहरूको माग छ ।

## रवि लामिछानेलाई पोखरा पठाइयो

प्रस, परवानीपुर, २६ मङ्सिर/

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेलाई बुधवार पर्साबाट सडकमार्ग हुँदै सिमरा र त्यहाँबाट हवाईमार्गमा काठमाडौं लगिएको छ । त्यहाँबाट उनलाई पोखरा लैजाने तयारी छ ।



वीरगंजको मुख्य सडकमा राखिएको रास्वपाको ब्यानर । तस्वीरः प्रतीक

पर्सा प्रहरीका प्रवक्ता किशोर लम्सालका अनुसार सरकारी वकीलको कार्यालय पर्सामा उनको बयानको काम सकिएपछि आज बिहानै काठमाडौं लगिएको बताए । सानो पाइला सहकारी संस्था वीरगंजको करोडौं रकम गोर्खा मिडिया नेटवर्कमा दुरुपयोग भएको भन्दै बचतकर्ताले जिल्ला प्रहरी कार्यालय, पर्सामा दिएको उजूरीको सम्बन्धमा छानबीन गर्न पोखराबाट उनलाई काठमाडौं हुँदै वीरगंज ल्याइएको थियो ।

कानूनी प्रक्रिया पूरा भइसकेपछि उनलाई पोखरा फिर्ता पठाइएको पर्सा प्रहरीले जनाएको छ । लामिछानेविरुद्ध कास्की, रूपन्देही, चितवन, काठमाडौं, पर्सा गरी पाँचवटा जिल्लामा सहकारी ठगी, सङ्गठित अपराध, सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा चलिरहेको छ । करीब ५५ दिनदेखि उनी प्रहरी हिरासतमा छन् ।

पर्साकै मुद्दामा पूर्व डिआइजी छविलाल जोशी, रामबहादुर खनाललगायतको बयान सकिएर उनीहरूलाई यस अघि नै फिर्ता पठाइएको पर्सा प्रहरीले जनाएको छ ।

**विचारसार र सूक्तिहरू**

**मन जति सहज, सामान्य एवं निर्द्वन्द्व हुन्छ, कुण्ठा त्यति नै टाढा हुन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# नवीरणीय ऊर्जा र नेपाल

**जापानले सन् २०४० सम्ममा नवीकरणीय ऊर्जा स्रोतलाई देशकै प्रमुख ऊर्जा स्रोत बनाउने महत्त्वाकाङ्क्षी योजना सार्वजनिक गरेको छ । यो योजना केवल जापानको ऊर्जा रणनीतिमा परिवर्तन ल्याउनुका साथै यसलाई भविष्यको ऊर्जा प्रणालीको मूल आधार मान्ने वैकल्पिक सोच हो । नेपालजस्तो जलविद्युत् र प्राकृतिक स्रोतले भरिपूर्ण मुलुकले जापानको यो प्रयासबाट सिक्न र लाभ लिन धेरै कुरा बाँकी छन्। नवीकरणीय ऊर्जाको स्रोत जस्तै सौर्य, वायु र जलविद्युत्, परम्परागत थर्मल पावर वा आणविक ऊर्जाभन्दा धेरै उत्कृष्ट मानिन्छन् ।**

**उत्कृष्ट मानिनुका कारणहरू छन् । नवीकरणीय ऊर्जा उत्पादन गर्दा कार्बन उत्सर्जन न्यून हुने भएकोले जलवायु परिवर्तन रोक्न यसले महत्त्वपूर्ण भूमिका खेल्छ । थर्मल पावर उत्पादनका लागि आवश्यक जीवाश्म इन्धन (कोइला, ग्याँस) सीमित र दिन प्रतिदिन महँगो हुँदै गइरहेको अवस्थामा नवीकरणीय ऊर्जा दीर्घकालीन र लागत–कुशल साबित हुँदै गएको छ । सौर्य ऊर्जा, जलविद्युत् र वायु ऊर्जा जस्ता स्रोतहरू स्थानीयस्तरमैं उत्पादन गर्न सकिने भएकाले आयातमा निर्भरता कम गर्न सकिन्छ ।**

**जापानले यो परिवर्तनलाई केवल ऊर्जाको सवालमा मात्रै नभई पारिस्थितिक, आर्थिक र सामाजिक लाभका रूपमा पनि हेर्दै आएको छ । नेपाल नवीकरणीय ऊर्जाको दृष्टिले प्रचुर सम्भावनायुक्त राष्ट्र हो । जलस्रोतमा सम्पन्न नेपालले हालसम्म उपलब्ध कुल जलविद्युत् सम्भावनाको केवल दुई प्रतिशत हिस्सा मात्रै उपयोग गरेको छ । यसको साथै, सौर्य ऊर्जा र वायु ऊर्जाको पनि पर्याप्त सम्भावना छ । नेपालमा झन्डै ८३ हजार मेगावाट जलविद्युत् उत्पादन क्षमता रहेको तथ्याङ्कले देखाउँछ । तर प्रविधि र लगानीको अभाव साथै योजना कार्यान्वयनमा विलम्बताले यो क्षेत्रको विकास सुस्त छ । नेपालको भूगोल र मौसमको अवस्था अनुसार सौर्य ऊर्जा उत्पादनका लागि पनि अनुकूल छ । सौर्य ऊर्जा प्रयोग गरेर दुर्गम क्षेत्रहरूमा ऊर्जा पुऱ्याउन सकिन्छ । त्यसैगरी, देशका पहाडी भेग र उच्च हिमाली क्षेत्रमा वायु ऊर्जाको सम्भावना पर्याप्त छ । यो प्रविधिमा थोरै लगानी र प्रविधि हस्तान्तरणबाट ठूलो उपलब्धि हासिल गर्न सकिन्छ ।**

**नेपालले जापानको उदाहरणबाट सिक्दै नवीकरणीय ऊर्जामा लगानी वृद्धि र नीति परिवर्तन गर्न सक्नुपर्छ । हामीले नवीकरणीय ऊर्जालाई दीर्घकालीन प्राथमिकतामा राखेर ठोस योजना बनाउन सक्नुपर्छ । सौर्य र जलविद्युत्को विकासका लागि अन्तर्राष्ट्रिय लगानीकर्तालाई आकर्षित गर्न नेपालले नीतिगत लचकता पनि देखाउनुपर्छ । यसका साथै आधुनिक प्रविधिको प्रयोगतर्फ ध्यान दिनुपर्छ, यसले उत्पादन लागत कम गर्दै ऊर्जा उपयोग बढाउन सकिन्छ। नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि सरकार, निजी क्षेत्र र स्थानीय समुदायबीच साझेदारी आवश्यक छ। अतः जापानले आफ्नो देशलाई नवीकरणीय ऊर्जामा रूपान्तरण गर्दै गर्दा नेपालले पनि यस क्षेत्रको अधिकतम उपयोगतर्फ नीति निर्माण गर्दै पहलकदमी गर्ने समय आएको छ । यसलाई प्रतिबद्धताका साथ प्रभावकारी कार्यान्वयन गर्न सकियो भने हाम्रो मुलुकले पनि ऊर्जा निर्यातक राष्ट्रहरूमा महत्त्वपूर्ण स्थान लिन सक्छ। पछिल्ला समय केही प्रयासहरू भइरहेका भए तापनि यो पर्याप्त छैन । नवीकरणीय ऊर्जा उत्पादनलाई राष्ट्रिय समृद्धिको अभियानकै रूपमा अगाडि बढाउने हिम्मत सरकारले गर्नुपर्छ।**

# कोही किन तटस्थ हुन सक्दैन

**स्वतन्त्र विचार**




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**पुसमा बहने हावा धेरै चीसो हुन्छ। यदि हावाकै कुरा गर्ने हो भने जेठको पूर्वैया हावा सबैलाई प्यारो लाग्छ। साउनमा सबैले खोज्ने पछेया हावा हो तर सोही हावा पुस, माघ तथा फागुनमा चल्यो भने नोक्सान गर्छ भन्ने मान्यता छ।**

सजीवलाई तटस्थ हुन सजिलो छैन। हुनै सक्दैन भन्ने होइन तर सजिलो छैन। तटस्थता पनि तपस्याले मात्र प्राप्त हुन सम्भव छ, अन्यथा सबैले आफूलाई तटस्थ नै भन्न सक्छन् तर त्यो तटस्थता केवल अनुकूल मात्र हुन्छ। प्रतिकूल अवस्थामा तटस्थता सम्भव छ कि छैन ? कतिपयले सोझै तटस्थ भाव वा तटस्थ चिन्तनको कुरा गर्न सक्छन् । सोझो बुझाइ वा हेराइमा मानिसले कुनै कुराप्रति तटस्थ भाव ग्रहण गर्छ कि गर्दैन ? यसको परीक्षण गर्ने कसरी ? वास्तवमा तटस्थताको परीक्षण गर्ने केही आधारहरू त होलान् । ती आधारहरूको मूल्याङ्कन गर्ने कुनै विधि वा तरीका होला । तिनीहरूबारे छलफल गर्न सकिन्छ कि ?

अलिकति यसरी पनि विचार गर्न सकिन्छ। तटस्थता सापेक्ष कि निरपेक्ष ? यदि सापेक्ष हुन्छ भने त्यो तटस्थ कसरी भयो ? निरपेक्ष हुन सक्छ । अनि निरपेक्षताको आधार के ? कोही किन निरपेक्ष तटस्थ बनोस् ? अनि सापेक्षता र निरपेक्षता पनि दृष्टिकोणमा निर्भर रहने कुरा होइनन् ? उदाहरणको लागि यदि कसैले म संसारको सबै सुख, सुविधा त्याग गर्छु, मलाई कुनै किसिमको मोहमाया छैन भन्छन् भने उनलाई यो प्रश्न सोध्न सकिन्छ– किन ? यस प्रश्नको जवाफ त कुनै न कुनै रूपमा दिन्छन् । नदिई सुखै छैन । अरू केही नभने पनि कम्तीमा यति भन्छन् कि म बन्धनमुक्त भएँ वा म मुक्ति प्राप्त गर्न चाहन्छु । यदि केही प्राप्त गर्ने चाहना अभ्यन्तरमा हुन्छ भने कोही तटस्थ रहन सक्लान् ?

अप्राप्तिको चाहना पनि खतरनाक हुन सक्छन् । संसारमा तीन मतालम्बी धार्मिक व्यक्तिहरू पाइन्छ– एकेश्वरवाद, द्वैतवाद र शून्यवाद अर्थात् कुनै पनि विश्वास नभएको । कुनै पनि विश्वास नभएको भन्नुको अर्थ हो कुनै पनि दैवी शक्तिमाथि विश्वास नभएको अवस्था हुनु। कुनै पनि दैवी शक्तिमाथि विश्वास नगर्नेले पदार्थलाई ठूलो मान्छन् । सबै पदार्थलाई मान्छन्। भौतिकवादीहरू पनि यस कुरामा अन्धविश्वासजस्तो विश्वास गर्छन् कि यो विज्ञानले भनेको हो, मानेको हो । विज्ञानमाथि पनि अन्धविश्वास गर्दा धर्म हुन जान्छ भन्नेहरू नभएका होइनन् अर्थात् नदेखिने देवतामाथि विश्वास गर्नु र विज्ञानमा अन्धविश्वास गर्नुमा धेरै फरक हुँदैन रे। अन्धभक्तहरूमा दया, करुणा, प्रेमजस्ता कुरा पनि तुच्छ लाग्न थाल्छ । जुनसुकै क्षेत्रका कट्टर वा अन्धभक्तलाई विचार गरी हेरौं न ।

मानिसबाहेक अन्य जीवजन्तुलाई पनि उदाहरणार्थ लिन सक्छौं। बाँदरले आफ्नो सन्तानलाई धेरै माया गर्छ। एक चरोले पनि आफ्नो फूल तथा बचेराको रक्षा आफूलाई खतरामा राखेर समेत गरेको पाइन्छ। सर्पले पनि आफ्नो अन्डानजीक कसैलाई जानै दिंदैन । भर्खर ब्याएकी कुकुर्नीको नजीक चिनेको कोही पनि शत्रु नजीक आएको देखेर माउ कुकुर्नीले देखाउने मातृत्व प्रेम उच्चकोटिको हुन्छ। अनि दुश्मन जीवबाट हरेक जीव जोगिन चाहन्छ। हरेकले आफ्नो शत्रुलाई चिन्छ। अनि जसले कसैलाई शत्रु मान्छ भने शत्रुप्रति कोही तटस्थ रहन सक्ला ? शत्रु भाव वा मित्रु भाव मनमा आउँदा कोही इमानदार तटस्थ रहन सक्ला ? कसैप्रति वा सबैप्रति आरोप होइन, जिज्ञासा हो। कोही पूर्णतः तटस्थ हुन सक्लान् ? यदि मनमा अलिकति कतै माया, कतै अलिकति घृणा वा अलिकति डर वा अलिकति उत्साह उत्पन्न हुन्छ भने त्यहाँ तटस्थता रहला ? के कोही वा कुनै यस्तो जीव होला, जसले कसैलाई देखेर, कसैको सुनेर त्यसको भाव बुझेर तथा अवस्थालाई विचार गरेर पनि पूर्णतः निस्पृह भावले तटस्थ रहन सकोस् ? तटस्थताको सवालमा जीवमा हुने संवेदनाले प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ कि सक्दैन ?

यदि तटस्थता प्रभावकारी वा निष्प्रभावी अथवा तटस्थता सामान्य प्रभावकारी, विशिष्ट प्रभावकारी, मध्यम प्रभावकारी वा अति प्रभावकारी हुन्छ भने कुन चाहिं वास्तविक तटस्थ रह्यो त ? एक निस्पृह योगीलाई यदि कसैले गाली गर्छन् भने रिस उठ्छ कि उठ्दैन ? यदि विनाकाम अरूलाई गाली गरेको जब ती योगीले सुन्छन् भने तिनलाई रिस उठ्छ कि उठ्दैन ? यदि योगीले मान्ने देवता वा भगवान्को बारेमा भए नभएको फतुर लगाउँदा योगीलाई रिस उठ्छ कि उठ्दैन ? वा यी तीन अवस्थामध्ये योगीलाई सबैभन्दा बढी रिस कुन बेला उठ्ला ? यदि कुनै पनि अवस्थामा रिस नै उठ्दैन भने तटस्थताको अवस्थालाई कसरी लिने ?

एक अभिभावकका चार सन्तान छन्। चार सन्तानमध्ये तीन छोरी र एक छोरा छ। हाम्रो वर्तमान समाजलाई विचार गरी यदि सक्रिय अभिभावक महिला छिन् वा स्त्रीप्रधान परिवार छ भने यस अवस्थामा महिलाले तीन छोरी र एक छोरामा के सबैप्रति समान माया गर्न सम्भव छ कि ? यदि उक्त परिवार मध्यम वर्ग वा उच्च मध्यम वा उच्च वर्गको हो भने त केही हदसम्म लाग्न सक्छ कि खासै फरक छैन। यदि निम्न वर्गको परिवार हो भने चार छोराछोरीलाई पढाउने सवालमा नै पृथक देखिन सक्छ । बजारबाट फर्किंदा घर लिएर आएको कोसेली वितरणमा पनि समभाव रहला कि नरहला ? यदि कोही बिरामी हुन्छ भने उपचारको समयमा हुने मनोवैज्ञानिक संवेगमा समानता होला कि नहोला ? मानिस मात्र नभएर हरेक जीवमा तटस्थताको खोजी गर्ने हो भने तटस्थता निरपेक्ष हुन सक्दैन ।

घरमा कोही बिरामी छ र कोही सद्दे छ भने मातापिताले बिरामीप्रति अलिकति बढी स्नेह देखाउनुलाई स्वाभाविक नै मान्नुपर्छ। कोही कुनै सद्दे मानिसलाई कुनै अस्पतालले आइसियूमा राखेर उपचार गर्दैन। हरेक अस्पतालका सञ्चालकका आफन्त हुन्छन् अर्थात् अस्पतालले लिने शुल्क पनि सबैका लागि समान हुँदैन । चिकित्सकले पनि पैसा दिने वा नदिने, पैसा लिन हुने वा नहुने वा आफ्नो निकटको मानिस तथा सामान्य बिरामी मानेको हुनुपर्छ । यसले गर्दा उपचारमा पनि केही भिन्नता आउन सक्छ । कोही अरूको मृत्युमा पनि निकै संवेदित हुन्छन् र कोही कसैको मृत्युमा दुःख मनाउ गर्दैनन् । मानिस कुन अवस्थामा पूर्ण तटस्थ रहन सक्छ ?

पुसमा बहने हावा धेरै चीसो हुन्छ। यदि हावाकै कुरा गर्ने हो भने जेठको पूर्वैया हावा सबैलाई प्यारो लाग्छ । साउनमा सबैले खोज्ने पछेया हावा हो तर सोही हावा पुस, माघ तथा फागुनमा चल्यो भने नोक्सान गर्छ भन्ने मान्यता छ। हावा चल्ने त हो तर हामीकहाँ बरु कहिलेकाहीं दक्षिणबाट पनि अलिकति हावा चल्छ, उत्तरहिनी बयार बहेको सितिमिति पाइन्न । महीना र मौसम हेरी हावाप्रतिको सामाजिक दृष्टिकोण सापेक्ष रहेको छ। कस्तो प्रभाव पार्ला र के कस्तो सतर्कता जरुरी छ भन्ने कुरा समाजले विचार गर्छ। नितान्त ग्रामीण समाजले हावा, वर्षा, बाढी, घाम, गर्मी तथा जाडो सबैप्रति आफ्नै किसिमले दृष्टिकोण निर्माण गर्छ र एक व्यापारिक समाज छ भने यी प्राकृतिक सन्दर्भहरूप्रति निर्माण गर्ने दृष्टिकोण फरक हुन सक्छन्। यस्ता प्राकृतिक सन्दर्भले एकै समयमा कोही एक पेशालाई फाइदा र अर्को पेशालाई बेफाइदा गरेको पनि हुन सक्छ। सोही आधारमा उक्त प्राकृतिक सन्दर्भप्रति सम्बन्धित पेशावालको दृष्टिकोण निर्माण हुन्छ। यसैले दृष्टिकोण निर्माणको आधार पनि सापेक्ष हुन्छ भनिएको हो ।

मानिस आफैंमा बौद्धिक र सामाजिक प्राणी हो । सामाजिकताको गुण अन्य जीवजन्तुमा पाइए पनि अहिलेसम्म, मानिसले नै विश्वास लिएको आधारमा, मानिस सबैभन्दा बढी बौद्धिक प्राणी हो। मानिसमा यदि अन्य जीवजन्तुभन्दा बढी बुद्धिको उपयोग गर्ने क्षमता छ भने निश्चितरूपमा सबैभन्दा कम तटस्थ मानिस नै हुनुपर्ने हो । आफ्नो लागि, आफन्तका लागि र आफ्नो भविष्य मात्र नभई सुदूर भविष्यको लागि सोच्ने मानिसले नै हो । यसैगरी, मानिसले विगतमा कसले आफूलाई बिगार गरेको छ भनेर पनि विचार गर्छ। भलै सतर्क रहनको लागि होओस् वा आफूलाई बिगार गरिसकेको मानिसले आफूलाई यदि राम्रो नै गर्न खोज्छ भने पनि त्यसमा बढी शङ्का हुन्छ, सतर्कता हुन्छ। अनि उसले गर्ने काम तथा मनोवैज्ञानिक न्यायमा तटस्थता पूर्णरूपमा तटस्थ भएर आउला भन्ने कुरामा भर पर्न सकिन्न। यसैगरी, यदि तिनले आफ्नो योग्यता, दक्षता, क्षमता र पूर्ण विवेकले तटस्थ न्याय गर्छ भने पनि जो उपभोक्ता छ, उसको मन, मस्तिष्क तथा हृदयले पनि पूर्ण तटस्थताको अवस्थामा उक्त न्याय वा कामलाई स्वीकार गर्ला ? यहींनेर, दुवै मामिलामा, तटस्थता दुर्लभ हुन्छ। यद्यपि कम्तीमा तटस्थता वा पूर्ण तटस्थता मानवीय आवश्यकता हो । फेरि पनि तटस्थता पनि वर्गीय हुन्छ र तटस्थता पनि सापेक्ष हुन्छ । यसैले सम्पूर्णतः र पूर्ण तटस्थताको विषयमा बहस आवश्यक छ।

# नेपाल र भारतबीच असमान भन्सार मूल्याङ्कन प्रणाली हुँदा चोरी–तस्करी बढ्दो

हिमाल लम्साल
वीरगंज (पर्सा), २६ मङ्सिर/रासस

नेपाल र भारतबीच समान प्रकृतिका कर प्रणाली लागू नहुँदा चोरी–तस्करी निरन्तर बढिरहेको छ । सार्वभौमसत्ता सम्पन्न देशका आआफ्नै शासन एवं राज्य सञ्चालनका प्रणाली पृथक भएपनि खुला सिमाना भएका कारण तस्करी रोक्न एकल प्रकृतिको कर प्रणाली नै उपयुक्त हुने आर्थिक क्षेत्रका जानकारहरूले दिएका छन् ।

वीरगंजका उद्योगी–व्यवसायीले पनि खुला सीमानाकाबाट हुने तस्करी नियन्त्रण गर्न भारतले लागू गरेको वस्तु तथा सेवा कर (जिएसटी) र हाम्रो भन्सार मूल्याङ्कन प्रणालीबीच तालमेल हुनुपर्ने माग गरेका छन् ।

भारत सरकारले कार्यान्वयन गरेको वस्तु तथा सेवा कर (जिएसटी) र हाम्रो भन्सार मूल्याङ्कन प्रणालीमा एकरूपता नहुँदा सीमावर्ती क्षेत्रमा चोरी तस्करीका घटना बढेकाले उनीहरूले त्यस्तो माग गरेका हुन् । पर्सास्थित सशस्त्र प्रहरी बलले चालू आर्थिक वर्षको प्रथम चार महीनामा भन्सार छलेर भित्र्याइएका रु १५ करोड १८ लाखका सामान नियन्त्रणमा लिएको छ। सशस्त्र प्रहरीले बरामद गरेका सामग्रीमा लत्ताकपडा, विद्युतीय सामान, हार्डवेयर, मोटरपार्ट्स, खाद्यान्न र किराना सामान अधिक छन्। सोही अवधिमा रु दुई करोड ६४ लाख ३० हजार १४९ मूल्यका बिलबीजक नभएका सामान पनि बरामद भएका थिए।

वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले सीमावर्ती शहरमा भारतले लागू गरेको जिएसटी र नेपालको भन्सार महसूलबीच एकरूपता नहुँदा अवैध निकासी र पैठारी नियन्त्रणमा हुन नसकेको बताए ।

"हाल हाम्रो देशमा निकासी र पैठारीमा अवैध अर्थतन्त्रले प्रश्रय पाइरहेको छ। अत्यधिक भन्सार महसूल लाग्ने वस्तुको भारतीय र नेपाली बजार मूल्यमा धेरैको फरक हुनुले पनि अवैधरूपमा निकासी र पैठारी हुने गरेको हो," उनले भने, "अत्यधिक भन्सार महसूल र दैनिक उपभोग्य एक सय वस्तुको पहिचान गरी भारतीय मूल्य जिएसटीसहित तथा नेपाली मूल्यमा एकरूपता दिएमा निकासी पैठारी घटाउन सकिन्थ्यो । यसले अनौपचारिक अर्थतन्त्रलाई नियन्त्रण गर्न मदत पुग्थ्यो।"

देशको भन्सार मूल्याङ्कन प्रणालीले भारतका प्रतिष्ठित कम्पनीले जारी गरेको बिलबीजकलाई समेत मान्यता नदिंदा व्यवसायी मर्कामा परेका छन्। सङ्घका वरिष्ठ उपाध्यक्ष गौतमले भारतका प्रतिष्ठित कम्पनीले जारी गरेका बिलबीजकलाई पनि मान्यता दिन ढिलाइ गर्न नहुने बताए । "आयातीत वस्तुको भन्सार मूल्याङ्कनका क्रममा प्रतिष्ठित कम्पनीका बिलबीजकमा 'अङ्कित मूल्य' भारत सरकारको आधिकारिक बिलका साथै भारतीय भन्सारले जारी गरेको 'बिल अफ एक्स्पोर्ट'लाई आधार बनाएर भन्सार मूल्याङ्कन गर्नुपर्ने आवश्यकता छ, त्यसो गर्न सकिएमा अवैधरूपमा हुँदै आएको निकारी–पैठारीलाई धेरै हदसम्म घटाउन सकिन्थ्यो," उनले भने ।

वरिष्ठ उपाध्यक्ष गौतमले हाल भन्सार विभागले कार्यान्वयनमा ल्याएको भन्सार मूल्याङ्कनको सन्दर्भ मूल्य पुस्तिकालाई पनि व्यवस्थित गर्न जरुरी भइसकेको बताए। "भन्सार मूल्याङ्कनको प्रमुख आधार भन्सार सन्दर्भ मूल्य पुस्तिका नै रहेको पाइन्छ। आयातकर्ताले सन्दर्भ मूल्य पुस्तिकाभन्दा कम मूल्यको बिलबीजक पेश गरेमा भन्सारले जरिवाना लिने गरेको छ," उनले भने, "आव २०८०/८१ को बजेटमा अन्तःशुल्कमा पनि जरिवाना लिने प्रावधान रहेकाले पनि त्यसबाट जोगिन आयातकर्ताले सन्दर्भ पुस्तिकाभन्दा बढी मूल्यको बिलबीजक पेश गर्ने प्रवृत्ति मौलाउँदै गइरहेको छ।"

पर्सा प्रहरीले आव २०८०/८१ मा रु ५३ करोड ४७ लाख लाख मूल्य पर्ने भन्सार छली गरेर भित्र्याइएका तथा बिलबीजक नभएको सामान बरामद गरेको थियो । सोही अवधिमा सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटरले रु ३४ करोड २७ लाख ७८ हजार ३३३ मूल्य पर्ने बिलबीजक नभएका र भन्सार छली गरेका सामान बरामद गरेको थियो। गत आवमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले पर्सा जिल्लाबाट मात्र रु ८७ करोड ७४ लाख मूल्य पर्ने अवैध

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# 'जलवायु वित्त अनुदान बढाउन कूटनीतिक पहल आवश्यक'

काठमाडौं, २६ मङ्सिर/रासस

अमेरिकास्थित नेपाली पूर्वराजदूत डा अर्जुन कार्कीले जलवायु वित्तका लागि सहज र आवश्यकता अनुसार पहुँच स्थापित गर्न कूटनीतिक पहल आवश्यक रहेकामा जोड दिएका छन् । बुधवार अन्तर्राष्ट्रिय पर्वतीय दिवसका अवसरमा काठमाडौंमा आयोजित दुई दिने राष्ट्रिय गोष्ठीको पहिलो सत्रमा उनले जलवायु परिवर्तनका मुद्दा स्थापित गर्न राजनीतिक र कूटनीतिकरूपमा पहल अगाडि बढाउन आवश्यक रहेको बताएका छन् ।



तस्वीरः रासस

"जलवायु परिवर्तनसम्बन्धी मुद्दालाई पहिला प्राविधिक मुद्दाका रूपमा मात्रै बुझिन्थ्यो। बिस्तारै यो मुद्दा, राजनीतिक, कूटनीतिक, आर्थिक एवं सामाजिक मुद्दा पनि हो भन्ने बुझाइ भएको छ," डा कार्कीले भने, "जलवायुजन्य सङ्कट सामना गर्न आवश्यक पर्ने वित्तमा पहुँच पुऱ्याउन कूटनीतिक पहललाई पहिलो प्राथमिकता दिनुपर्छ।"

उनले जलवायुजन्य हानि-नोक्सानीसम्बन्धी वैज्ञानिकरूपमा अनुसन्धान गरेर तथ्याङ्क निकाल्नुपर्नेमा जोड दिए । कार्कीका अनुसार जलवायुसम्बन्धी मुद्दा सम्बोधन गर्न राजनीतिकस्तरबाट अगाडि बढाउनुपर्ने र राजनीतिकस्तरबाट जलवायुजन्य सङ्कटको सामना गर्न आवश्यक छ ।

"बाकुको अजरबैजानमा सम्पन्न भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रहरूको २९औं शिखर सम्मेलन (कोप-२९) सम्पन्न भएको छ । विकासशील देशहरूलाई जलवायु परिवर्तनका असर सामना गर्न आवश्यक पर्ने आर्थिक सहयोग बढाउन नयाँ वित्तका योजना अघि सारिएको छ, यीलगायत अन्य जलवायु वित्तहरूमा अनुदान बढाउने कोपको निर्णय छ," उनले भने, "हामीले उक्त कोषको रकम ल्याउनका लागि आवश्यक तयारीसहित अनुसन्धान बढाउनुपर्छ । जलवायुजन्य असरका आधिकारिक तथ्याङ्क प्रस्तुत गर्नुपर्छ ।"

जलवायुविद् मञ्जीत ढकालले विश्वको तापमान वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्न नसके पर्वतीय क्षेत्रमा जलवायुजन्य सङ्कट बढ्दै जाने र हिमालको हिउँसमेत पग्लिएर काला पत्थरमा परिणत हुन सक्ने बताए ।

"नेपाल जस्ता पर्वतीय मुलुकहरूको चिन्ताको विषय भनेको हिमालको सुरक्षा कसरी गर्ने ? र जलवायुजन्य सङ्कट निम्तिन नदिने भन्ने हो । अन्तर्राष्ट्रिय मञ्चहरूमा पनि हामीले पर्वत बचाउन कार्बन उत्सर्जन कटौती गर्नलाई पैरवी गरिरहेका छौं," उनले भने, "यो कोप-२९ मा सोचेजस्तो उपलब्धि हुन नसके पनि हामी निराश हुनुपर्ने अवस्था छैन । अहिले हाम्रो पक्षमा नभएका कतिपय निर्णयहरू आगामी कोपमा हुँदै जानेछन् । हामीले यसका लागि पहलकदमी अगाडि बढाइरहनुपर्छ ।"

गोरखापत्रका महानिर्देशक लालबहादुर ऐरीले जलवायु परिवर्तनसम्बन्धी मुद्दा स्थापित गर्न सञ्चारमाध्यमको अहम् भूमिका रहेको भन्दै जलवायु परिवर्तनका मुद्दामा कलम चलाउन पत्रकारको क्षमता अभिवृद्धिमा सरकारले सहयोग गर्नुपर्नेमा जोड दिए ।

वन तथा वातावरण मन्त्रालयकी उपसचिव दीपा ओलीले कोपमा पर्वतीय क्षेत्रको मुद्दा मुख्य 'नेगोसेसन' (वार्ता) मा सोचे जस्तै अगाडि बढ्न नसके पनि नेपालले विभिन्न क्षेत्रीय कार्यक्रम (साइड इभेन्ट)हरूमा यी विषयवस्तु उठान गरिरहेको जानकारी दिइन् ।

विश्व खाद्य समूह नेपालकी संस्थापक सदस्य पसुन सुवेदीले जलवायु परिवर्तनको असरका कारण हिमालको हिउँ पग्लिएर कालो भएमा हाम्रो भविष्य पनि जोखिममा पर्ने भन्दै हिमाल बचाउन सबैले चासो दिएर सहकार्य र समन्वय गर्नु आवश्यक रहेको खाँचो औंल्याइन् । हिमालमा परेको जलवायु परिवर्तनको असरको विषयमा अनुसन्धान गर्नुपर्ने भन्दै उनले यसमा युवाहरूको पनि संलग्नता हुनुपर्ने बताइन् ।


**चरनका लागि राखिएका मौरी:** दाङ घोराही उपमहानगरपालिका-१ काँडाखुटीमा चरनका लागि राखिएका मौरीका घार । तस्बिरः रञ्जीता अधिकारी/रासस

# तनहुँको घिरिङ र बन्दीपुरमा दुई सबस्टेशन सञ्चालनमा

तनहुँ, २६ मङ्सिर/रासस

तनहुँ जलविद्युत् आयोजनाले स्थानीयरूपमा विद्युत् आपूर्तिका लागि घिरिङ गाउँपालिका-४ र बन्दीपुर गाउँपालिका-६ मा ३३/११ केभीका दुईवटा सबस्टेशन निर्माण गरी सञ्चालनमा ल्याएको छ।

जिल्लाको विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो र गुणस्तरीय बनाउन विभिन्न ठाउँमा विभिन्न क्षमताका वितरण ट्रान्सफर्मर जडान गर्नुका साथै ११ केभी लाइन निर्माण गरिएको हो ।

सामुदायिक विकास कार्यक्रम अन्तर्गत आयोजना प्रभावित क्षेत्रमा हालसम्म शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, नदी तटबन्ध निर्माणलगायत ६३ वटा परियोजना सम्पन्न भएका छन् भने १० परियोजना सञ्चालित रहेका जलविद्युत् आयोजनाका सञ्चारविज्ञ सचिन गौतमले जानकारी दिए ।

आयोजना प्रभावितको जीविकोपार्जन तथा आयआर्जन वृद्धिका लागि विभिन्न सीपमूलक तालीम सञ्चालन भइरहेका छन् । कम्पनीले आयोजनाबाट विद्युत् उत्पादनपछि प्राप्त हुने बहाव र मादी नदीको पानीलाई प्रयोग गरी तल्लो तटीय क्षेत्रमा १२६ मेगावाटको तल्लो सेती जलविद्युत् आयोजना विकास प्रक्रिया अगाडि बढाएको उनले बताए ।

निर्माण कम्पनीले चरण-१ अन्तर्गत १४० मिटर अग्लो मुख्य बाँध निर्माण, चरण-२ अन्तर्गत भूमिगत विद्युत्गृह, हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण, मुख्य सुरुङ निर्माण भइरहेका छन् । मुख्य संरचनालाई तीन चरणमा विभाजन गरी निर्माण भइरहेको बताउँदै निर्माणाधीन आयोजनाको समग्र प्रगति ६३ प्रतिशत रहेको आयोजनाका सञ्चारविज्ञ गौतमले जानकारी दिए । उनका अनुसार समग्र निर्माण विसं २०८३ असारभित्र (सन् २०२६ मे) सक्ने लक्ष्य राखिएको छ ।

कम्पनीको पूँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलर रहेको छ । एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार अन्तर्गत नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर बेहोर्नेगरी वित्तीय व्यवस्थापन गरिएको छ ।

# खाद्य कम्पनीद्वारा सिराहामा धान खरिद शुरू

सिराहा, २६ मङ्सिर/रासस

सिराहास्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय लहानले बुधवारदेखि धान खरीद प्रक्रिया शुरू गरेको छ । कम्पनीले सिराहा, सप्तरी र उदयपुरका किसानद्वारा उत्पादित धान बर्सेनि खरीद गर्दै आएको हो ।

यस वर्ष २५ हजार क्विन्टल सोना मन्सुली र १० हजार क्विन्टल जीरा मसिनो (कतर्नी) धान खरीद गरिने कार्यालय प्रमुख दीपक सुनारले जानकारी दिए। उनका अनुसार यस वर्ष सरकारले सोना मन्सुली धानको समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ५८० रुपियाँ ६२ पैसा र जीरा मसिनो (कतर्नी) धान प्रतिक्विन्टल रु चार हजार दुई सय तोकेको छ ।

जिल्ला प्राथमिक धान खरीद समितिको बैठकबाट निर्णय भए अनुसार समर्थन मूल्यमा धान खरीद गरिने प्रमुख सुनारले बताए। "सिराहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालको अध्यक्षतामा धान खरीद समितिको बैठकबाट निर्णय गरी आजदेखि खरीद प्रक्रिया शुरू गरिएको छ। खाद्य कम्पनीले तोकिएको मापदण्ड पूरा गरेर ल्याइएका धानको चेकमार्फत किसानलाई भुक्तानी गर्ने व्यवस्था मिलाएका छौं," उनले भने ।

प्रमुख सुनारका अनुसार प्रतिकिसान अधिकतम एक सय क्विन्टल धान कम्पनीले खरीद गर्नेछ । सार्वजनिक बिदाको दिनबाहेक कार्यालय समयमा किसानको धान खरीद गरिने खाद्य कम्पनीले जनाएको छ ।

सरकारले दिने मूल्यभन्दा स्थानीय व्यापारीले दिने मूल्य बढी भएकोले किसानहरू व्यापारीलाई धान बिक्री गर्न आकर्षित भएका राष्ट्रिय कृषक समूह महासङ्घ, मधेस प्रदेशका निवर्तमान अध्यक्ष मुक्तिनारायण यादवले बताए । किसानको उत्पादनको उचित र वैज्ञानिक मूल्य नदिएर सरकारले किसानलाई अन्याय गरेको उनको भनाइ छ ।

# बझाङको रायाल केन्द्रबिन्दु भएर भूकम्प

काठमाडौं, २६ मङ्सिर/रासस

बझाङको रायाल केन्द्रबिन्दु भएर भूकम्प गएको छ। राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार बुधवार बिहान ११ बजेर दुई मिनेट जाँदा बझाङको रायाल आसपास केन्द्रबिन्दु भएर तीन दशमलव नौ रेक्टर स्केलको भूकम्प गएको हो ।

यस अघि गत मङ्सिर ६ गते बिहान कास्की र मनाङको सिमानामा पर्ने अन्नपूर्ण क्षेत्रलाई केन्द्रबिन्दु बनाएर चार दशमलव दुई रेक्टर स्केलको भूकम्प गएको थियो। पछिल्लो समय नेपालमा भूकम्प जाने क्रम जारी रहेको केन्द्रले जनाएको छ। नेपाल हिमालय क्षेत्र भएकोले भूकम्पको जोखिमपूर्ण क्षेत्रको रूपमा लिने गरिन्छ।

# पाँच दिन लगातार घटेको नेप्से आज उच्च अङ्कले बढ्यो

काठमाडौं, २६ मङ्सिर/रासस

पछिल्लो पाँच कारोबार दिन लगातार घटेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा बुधवार भने उच्च अङ्कको वृद्धि देखिएको छ । आज नेप्से परिसूचक ४५ दशमलव ८८ अङ्कले बढेर दुई हजार ७१५ दशमलव ७१ को बिन्दुमा कायम भएको हो । यो एक दशमलव ७१ प्रतिशतको वृद्धि हो ।


परिसूचक बढे पनि कारोबार रकम भने रु पाँच अर्बमा खुम्चिएको छ । आज ३०८ कम्पनीका एक करोड १३ लाख ८६ हजार ८५४ कित्ता शेयर ५६ हजार ३५० पटक खरीद-बिक्री हुँदा रु पाँच अर्ब पाँच करोड छ लाख ५४ हजार ४५० बराबरको कारोबार भएको छ।

सबै समूहका उपसूचक बढ्दा म्युचुअल फन्ड उपसमूह भने शून्य दशमलव ३४ प्रतिशतले घटेको छ। आज बैंकिङ समूह सबैभन्दा बढी तीन दशमलव ४३ प्रतिशतले बढेको छ । विकास बैंक एक दशमलव ६३, वित्त एक दशमलव ८३, होटल तथा पर्यटन एक दशमलव शून्य पाँच, जलविद्युत् एक दशमलव ९६ र लगानी समूह शून्य दशमलव ७९ प्रतिशतले बढेका छन् ।

जीवन बीमा समूह एक दशमलव शून्य सात, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६०, लघुवित्त शून्य दशमलव ४२, निर्जीवन बीमा एक दशमलव शून्य तीन, व्यापार एक दशमलव ५६ र अन्य समूह शून्य दशमलव ५७ प्रतिशतले बढेका छन् ।

न्यादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य आज सबैभन्दा बढी नौ दशमलव ९७ प्रतिशतले बढेको छ। सबैभन्दा बढी घट्नेमा खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशत रहेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा बढी जानकी फाइनान्स कम्पनी लिमिटेडको रु ३६ करोड १५ लाख दुई हजार ४४३ बराबरको शेयर किनबेच भएको छ ।


**सिमगाउँ:** बागलुङ नगरपालिका-६ स्थित धार्मिक तथा पर्यटकीयस्थल पञ्चकोटको सिमगाउँ । तस्बिरः खेमराज गौतम/रासस

# राष्ट्रिय फोटो पत्रकार समूहद्वारा चीनमा प्रदर्शनी

विन्जाओ (चीन), २६ मङ्सिर/रासस

राष्ट्रिय फोटो पत्रकार समूह (एनएफपिजे) नेपालले चीनमा फोटो प्रदर्शनी आयोजना गरेको छ । चीनको विन्जाओ फोटोग्राफर एशोसिएशन, चिनियाँ पर्यटन फोटोग्राफर सु छ्यो तथा नेपाल-चीनमैत्री सङ्घको सहकार्यमा हिमशृङ्खलामाथिको उडानले भरिएको नेपाल (सान्तोङ सांस्कृतिक सप्ताह र मनमोहक नेपाल) फोटो प्रदर्शनी आयोजना गरिएको हो ।

उक्त फोटो प्रदर्शनीमा नेपालका विभिन्न सञ्चारमाध्यममा काम गरिरहेका फोटोपत्रकारले खिचेका मनमोहक प्राकृतिक सम्पदा, पर्यटन क्षेत्र, कलासंस्कृति, जीवनशैली तथा विविधता झल्काउने करीब एक सय तस्बिर सान्तोङ प्रान्तका विभिन्न शहरमा एक महीनासम्म प्रदर्शनीमा राखिनेछ ।

सो प्रदर्शनीका लागि राष्ट्रिय फोटो पत्रकार समूह (एनएफपिजे)का केन्द्रीय अध्यक्ष प्रदीपराज वन्तको अध्यक्षतामा १४ सदस्यीय टोली उक्त प्रदर्शनीका लागि चीनको सान्तोङ प्रान्त आइपुगेको छ । सान्तोङ प्रान्तका पूर्वउपप्रचारमन्त्री ह्वाङ्जी चुनको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा राष्ट्रिय फोटो पत्रकार


तस्वीरः रासस

समूह (नेपाल) र विन्जाओ फोटोग्राफर एशोसिएशनबीच सांस्कृतिक तथा व्यावसायिक फोटोग्राफीसम्बन्धी सामग्री आदानप्रदानमा सहकार्य गर्ने सम्झौता भएको एनएफपिजेका केन्द्रीय अध्यक्ष वन्तले जानकारी दिए ।

कार्यक्रममा विन्जाओका परराष्ट्र मामिला निर्देशक पाइमिईले फोटोग्राफीमार्फत नेपाल-चीनको मैत्री सम्बन्ध बलियो बनाउनाका साथै चीनको वान बेल्ट वान रोडको अवधारणालाई पनि सहयोग पुग्ने बताए ।

एनएफपिजेका अध्यक्ष वन्तले सांस्कृतिक तथा प्राकृतिक दृष्टिले महत्त्वपूर्ण सान्तोङ प्रान्तमा नेपालका मनमोहक फोटाहरू प्रदर्शनी गर्न पाउँदा खुशी लागेको बताउँदै फोटो प्रदर्शनीका माध्यमबाट दुई देशबीचको सम्बन्ध थप सुमधुर बन्नाका साथै पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

# मार्गशीर्ष शुक्ल (मोक्षदा) एकादशीः गीता जयन्ती मनाइयो

काठमाडौं, २६ मङ्सिर/रासस

वैदिक सनातन हिन्दू धर्मावलम्बीको धार्मिक ग्रन्थ गीता प्रादुर्भाव भएको



दिनको सम्झनामा पाठपारायण एवं प्रवचनलगायत विविध कार्यक्रम गरी बुधवार गीता जयन्ती पर्व मनाइयो।

वैदिक ज्ञान भावी पुस्तालाई हस्तान्तरण गर्ने उद्देश्यले गीता जयन्तीको अवसर पारेर विविध कार्यक्रम आयोजना गरिएको थियो। पाँच हजार १३२ वर्ष अघि मार्गशीर्ष शुक्ल एकादशीका दिन कौरव र पाण्डवबीचको महाभारत युद्धका समय पारेर विष्णुको आठौं अवतारका रूपमा पृथ्वीमा जन्म लिएका कृष्णले अर्जुनमार्फत कुरुक्षेत्रमा गीता ज्ञानको पुनर्जागरण गरेको धार्मिक विश्वास रहिआएको छ। भगवान्ले नै अर्जुनमार्फत हामीलाई गीताको ज्ञान दिएका हुन्।

कुरुक्षेत्रमा १८ दिनसम्म महाभारत युद्ध हुन लाग्दा अर्जुन आफन्तविरुद्ध लडाइँ गर्न तयार नभएपछि भगवान् श्रीकृष्णले उपदेश दिन सुनाएको ग्रन्थ गीता भएको धर्मशास्त्रविद् प्राडा रामचन्द्र गौतमले जानकारी दिए।

"त्यस बेला कौरवका ११ अक्षयोनी सेना थिए, पाण्डवका सात अक्षयोनी सेना, भगवान् कृष्ण पाण्डवका पक्षमा हुनुहुन्थ्यो, अर्जुनको सारथिका रूपमा, कौरवका पक्षमा हजुरबा भीष्मपितामह नै सेनापति देखेपछि अर्जुनले युद्ध गर्ने विषयमा शङ्का गरे, विश्वस्त बनाउन उपदेशका रूपमा गीता सुनाइएको हो," उनले भने।

चार वेदका एक हजार १३१ शाखामध्ये हाल १२ वटा मात्र अस्तित्वमा रही अरू लोप भएजस्तो गीताको ज्ञान लोप नहोस् भनी जनचेतनाका लागि कार्यक्रम आयोजना गर्ने गरिएको जियर शैक्षिक प्रतिष्ठानका अध्यक्ष कुमार अभिकारीले बताइन्।

# नेपाल र एडिबीबीच २१ अर्ब २३ करोडको सहयोग सम्झौता

काठमाडौं, २६ मङ्सिर/रासस

नेपाल सरकार र एशियाली विकास बैंक (एडिबी)बीच यान्त्रिक सिंचाइ नवप्रवर्तन परियोजना (मेशिनाइज्ड इरिगेशन इनोभेशन प्रोजेक्ट–एमआइआइपी) र जलवायु उत्थानशील तथा जीविकोपार्जन परियोजना (सिआरएलएलपी) कार्यान्वयनका लागि रु २१ अर्ब २३ करोड (१५७ मिलियन अमेरिकी डलर) बराबरको सहुलियतपूर्ण ऋण तथा अनुदान सम्झौतामा हस्ताक्षर भएको छ।

बुधवार अर्थ मन्त्रालयमा भएको सम्झौता अनुसार उक्त परियोजनाका लागि एडिबीले रु १४ अर्ब ८८ करोड (११० मिलियन अमेरिकी डलर) ऋण तथा रु दुई अर्ब (१५ मिलियन अमेरिकी डलर) अनुदान दिनेछ। त्यस्तै, जलवायु उत्थानशील तथा जीविकोपार्जन परियोजनाका लागि रु एक अर्ब ३५ करोड (१० मिलियन अमेरिकी डलर) ऋण रु दुई अर्ब ९७ करोड (२२ मिलियन अमेरिकी डलर) अनुदान सम्झौता भएको हो। सम्झौतापत्रमा अर्थसचिव डा रामप्रसाद घिमिरे र एडिबीका देशीय निर्देशक आर्नो कोश्वाले हस्ताक्षर गरेका छन्।

मधेस प्रदेशका रौतहट र सर्लाही जिल्लामा लागू गरिने यान्त्रिक सिंचाइ परियोजना अन्तर्गत उन्नत सिंचाइ प्रविधि लागू गरिनेछ। जसमा किसानले 'प्रिपेड कार्ड'को माध्यमबाट आवश्यकता अनुसार पानी उपयोग गर्न सक्ने सुविधा प्रदान गरिनेछ। यस परियोजनाबाट एक लाख २१ हजारभन्दा बढी किसान लाभान्वित हुने विश्वास लिइएको छ। परियोजनाको मुख्य उद्देश्य कृषिको उत्पादकत्व वृद्धि, वर्षभर सिंचाइ सुनिश्चितता र खाद्य सुरक्षा प्रवर्द्धन गर्नु हो।

त्यसैगरी, जलवायु उत्थानशील तथा जीविकोपार्जन परियोजनाका कर्णाली र सुदूरपश्चिम प्रदेशका ग्रामीण समुदायलाई जलवायु परिवर्तनका असरहरूप्रति प्रतिरोधी बनाउने उद्देश्यले सञ्चालन हुनेछ। यसले खानेपानीको समस्या समाधान गर्न, प्रकृतिमा आधारित जीविकोपार्जन प्रवर्द्धन गर्न र स्थानीय समुदायलाई दिगो जल व्यवस्थापन, कृषि वन र वन व्यवस्थापनका माध्यमबाट सशक्त बनाउन योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

सम्झौतापत्रमा हस्ताक्षरपछि अर्थसचिव घिमिरेले यी परियोजनाको माध्यमबाट उन्नत सिंचाइ प्रविधि र दिगो जल व्यवस्थापनले खाद्य सुरक्षाका साथै जलवायु परिवर्तनको असर सामना गर्न सहयोग पुग्ने बताए।

एडिबीका देशीय निर्देशक कोश्वाले यी परियोजनाका विशेषता र यसले नेपालको आर्थिक क्षेत्रमा ल्याउने योगदानको चर्चा गर्दै जलवायु अनुकूलन, कृषि उत्पादकत्व र जल सुरक्षा क्षेत्रमा एडिबीले नेपाललाई सधैं सहयोग गर्ने प्रतिबद्धता जनाए। यी सम्झौता नेपाललाई दिगो विकास हासिल गर्न र जलवायु परिवर्तनको चुनौतीसँग जुझ्न महत्त्वपूर्ण कोसेढुङ्गा साबित हुने विश्वास उनले व्यक्त गरे।

## सङ्घीयतामा दलितको विषयमा संवाद कार्यक्रम

प्रस, परवानीपुर, २६ मङ्सिर/

मधेस विश्वविद्यालयको आयोजनामा 'सङ्घीयता, संवाद र शृङ्खला' विषयक कार्यक्रम बुधवार वीरगंजमा सम्पन्न भएको छ। मधेश विश्वविद्यालय वीरगंजको सभाहलमा आयोजित कार्यक्रममा सङ्घीयतामा दलित समुदायको भूमिका, हकअधिकार एवं समस्याका विषयमा छलफल भएको थियो।

मुख्य प्यानलिस्टहरूमा दलित अभियन्ता पर्साकी नीला राम, सप्तरीका पत्रकार एवं दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोला पासवान रहेका थिए। मधेस विश्वविद्यालयका प्राध्यापक डा हरेराम ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा मधेस विश्वविद्यालयका विद्यार्थीहरूसँग सङ्घीयतामा दलितको अवस्था विषयक प्यानल छलफल भयो। जसमा विद्यार्थीहरूको जिज्ञासामा नीला रामले दलितहरूको मुद्दा मामिला एवं दलित महिलाहरूको अवस्था, आरक्षण सिटमा निर्वाचित दलित जनप्रतिनिधिहरूको बारेमा धारणा राखेकी थिइन्।

कार्यक्रममा शिक्षकशिक्षिका, विद्यार्थीहरूको उल्लेखनीय सहभागिता थियो।



**अन्नपूर्ण र माछापुच्छ्रे हिमशृङ्खलाः** म्याग्दीको अन्नपूर्ण गाउँपालिका–८ मा अवस्थित पर्यटकीयस्थल मोहरेडाँडाबाट देखिएको अन्नपूर्ण र माछापुच्छ्रे हिमशृङ्खला। तस्बिरः कमल खत्री/रासस

## फरक समाचार

# अनियमित मुटुको चालः एरिथमिया

अनियमित मुटुको ढुकढुकी जसलाई एरिथमिया पनि भनिन्छ, मुटुको धड्कन धेरै छिटो, ढिलो वा अनियमित ढङ्गले चल्छ। मुटुको धड्कन र लयलाई नियन्त्रण गर्ने मुटुको विद्युतीय प्रणालीमा गडबडी हुँदा यस्तो हुन्छ। यद्यपि कहिलेकाहीं अनियमित मुटुको धड्कन सामान्य र खतरामुक्त हुन सक्छ, तर लगातार यस्तो भइरह्यो भने खतरनाक चिकित्सा अवस्थाको सङ्केत हुन सक्छ। यस्तो अवस्थामा आत्तिनुहुँदैन। यसका लागि तपाईंले आफ्नो दैनिक बानीमा केही परिवर्तन ल्याउनुपर्छ।



**अनियमित मुटुको चाल कसरी नियन्त्रण गर्ने:** यदि तपाई दैनिक मध्यमस्तरको व्यायाम गर्नुहुन्छ भने, यसले हृदयलाई बलियो बनाउन र यसका कार्यहरू सुधार गर्न मदत गर्छ। दैनिक ३० देखि ६० मिनेट कसरतको लागि समय निकाल्नुपर्छ। यसो गर्नाले हृदयाघातको जोखिम धेरै हदसम्म कम हुन्छ। यदि तपाई जिम जान सक्नुहुन्न भने हिंड्ने र सीढी चढ्नुपर्छ तथा गहुँगो वस्तु उठाउने प्रयास गर्नुपर्छ।

**सन्तुलित आहारः** जतिसुकै व्यायाम गरे पनि आहार सन्तुलित भएन भने राम्रो स्वास्थ्यतर्फ अघि बढ्न गाह्रो हुन्छ। सन्तुलित आहार लिने मानिसको मुटुको धड्कन नियमित गतिमा चल्न थाल्छ। एकै समयमा यदि तपाईंले धेरै तेल, नून, भुटेको र ट्रान्स फ्याट खाना खानुभयो भने तपाईंको हृदय स्वास्थ्य जोखिममा हुनेछ।

**तनाव नलिने:** बूढापाकाहरूले प्रायः भन्दै आएका छन्, चिन्ता चिता जस्तै हो। यसको मतलब हामीले आफ्नो मानसिक स्वास्थ्य राम्रो राखेनौं भने शरीरलाई स्वस्थ राख्न गाह्रो हुन्छ। धेरै तनाव लिंदा मुटुको धड्कन अनियमित हुन्छ।

**पर्याप्त सुत्ने:** अधिकांश स्वास्थ्य विशेषज्ञहरूले युवालाई दिनमा ७ देखि ८ घण्टा सुत्न सुझाव दिन्छन्। यदि तपाईंले यसो गर्नुभएन वा निद्राचक्रमा बाधा पुऱ्याउनुभयो भने, तपाईंको मुटुको धडकन अनियमित हुन सक्छ।

# डिप्रेसनमा विवाहित पुरुष

भारत, बेङ्गलुरुका सफ्टवेयर इन्जिनीयर अतुल सुभाषले केही दिन अघि आत्महत्या गरेका थिए। आत्महत्या गर्नु अघि मृतकले २४ पृष्ठको सुसाइड नोट छोडेका थिए, जसमा उनले पत्नी र परिवारलाई उत्पीडन गरेको आरोप लगाएका छन्। अतुलको कथाले विवाहित पुरुषको जीवन पनि कठिन हुन सक्छ भन्ने प्रमाणित गरेको छ।



डिप्रेसन एउटा गम्भीर मानसिक अवस्था हो, जसका कारण जुनसुकै व्यक्तिलाई समस्यामा पार्न सक्छ, चाहे त्यो पुरुष होस् वा महिला। विवाहपछि महिलाहरू बढी मानसिक तनावबाट गुज्रिन्छन् भन्ने विश्वास गरिन्छ तर पुरुषहरू पनि यसबाट अछूतो छैनन्। वास्तवमा विवाहित पुरुषहरू पनि कहिलेकाहीं डिप्रेसनको शिकार हुन्छन्, तर तिनीहरू यसलाई व्यक्त गर्न हिचकिचाउँछन्।

**अवसादको कारणः** भारतका प्रख्यात क्लिनिकल साइकोलोजिस्ट टिपी जवाद विवाहपछि धेरै जिम्मेवारी पुरुषको काँधमा आउने बताउँछन्। परिवारको आर्थिक व्यवस्थापन, पत्नी र छोराछोरीको आवश्यकता पूरा गर्ने, सामाजिक अपेक्षा पूरा गर्ने जस्ता धेरै दबाबले उनीहरूको मानसिक स्थितिमा नकारात्मक असर पार्न सक्छ। यसबाहेक पत्नीसँग कुनै किसिमको विवाद वा कानूनी लडाइँ लड्नुपरेमा पुरुषमाथि तनावको पहाड खस्छ।

**पुरुषले किन बताउँदैनन्:** पुरुषले डिप्रेसन लुकाउनुको सबैभन्दा ठूलो कारण समाजमा गहिरो जरा गाडेको पितृसत्तात्मक सोच हो। बाल्यकालदेखि नै पुरुषहरूलाई सधैं बलियो हुनुपर्छ भनेर सिकाइन्छ। उनीहरूलाई रुन वा आफ्ना भावनाहरू प्रस्तुत गर्न अनुमति छैन। यस्तो अवस्थामा कुनै पनि मानसिक समस्या हुँदा त्यसलाई कमजोरी ठान्छन् र दिमागमा राख्छन्।

दोस्रो कारण यो हो कि पुरुषहरू प्रायः महसूस गर्छन् कि यदि उनीहरूले आफ्नो अवसादका बारेमा कुरा गर्छन् भने समाजले त्यसलाई गम्भीररूपमा लिंदैन। कहिलेकाहीं उनीहरूले यो पनि सोच्छन् कि उनीहरूको शब्दले परिवारका अन्य सदस्यहरूलाई रिस उठाउन सक्छ। त्यस कारण उनीहरू आफ्नो तनावलाई स्थानान्तरण गर्न चाहँदैनन्।

**समाधान कसरी खोज्ने ?** डिप्रेसनबाट बाहिर निस्कने पहिलो कदम भनेको यसलाई स्वीकार गर्नु हो। भावना व्यक्त गर्नु कमजोरी होइन भन्ने कुरा पुरुषले बुझ्नुपर्छ। साथी, परिवार र पार्टनरसँग खुलेर कुरा गर्नुहोस्। मानसिक स्वास्थ्य पेशेवरबाट मदत खोज्न कुनै लाज मान्नुहुँदैन। समाजले पनि आफ्नो सोच परिवर्तन गर्नुपर्छ। पुरुषहरूलाई भावनात्मकरूपमा कमजोर देख्न अनुमति दिनुपर्छ। मानसिक स्वास्थ्यसँग सम्बन्धित समस्यालाई लिङ्गको आधारमा हेर्नुहुँदैन। यदि तपाईंको वरपर कोही विवाहित पुरुष डिप्रेसनमा रहेको देखिन्छ भने ऊसँग कुरा गर्नुहोस् र उसलाई मदत गर्ने प्रयास गर्नुहोस् ताकि उसले पनि आत्महत्याजस्तो भयानक निर्णय लिन बाध्य हुनु नपरोस्।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## इरानमा वायु प्रदुषणका कारण विद्यार्थी र कर्मचारीलाई घरमै बस्न निर्देशन

तेहरान, २६ मङ्सिर/एएफपी

इरानको राजधानी तेहरानमा बुधवार र बिहीवार 'अस्वस्थ' वायु प्रदूषणका कारण विद्यार्थी र सरकारी कर्मचारीलाई घरभित्रै बस्न आदेश दिइएको इरानको सरकारी सञ्चारमाध्यमले जनाएको छ।



इरानको राजधानी तेहरानको दृश्य। यहाँ बाक्लो तुवाँलो छाएको छ। तस्वीरः एएफपी

प्रदूषणाको स्तर उच्च रहेको तेहरानमा हालैका दिनहरूमा धूवाँ तथा तुवाँलोका कारण प्रदूषणको मात्रा ह्वात्तै बढेको छ।

अल्बोर्ज पर्वतको दक्षिणी फेदमा अवस्थित तेहरानमा बुधवार स्थानीय सञ्चारमाध्यमले अधिकारीहरूलाई उद्धृत गरी वायुको गुणस्तर 'अस्वस्थ' स्तरमा पुगेको अर्थात् औसत वायु गुणस्तर सूचकाङ्क (एक्युआई) १७० पुगेको बताएका छन्।

राजधानीमा केही विशिष्ट शाखाबाहेक सबै सङ्ग्रहालय र बैंकहरू बन्द गरिएका थिए।

इरानको ४३५ मिटर अग्लो ऐतिहासिक मिलाद टावर बुधवार बिहान मुश्किलले देखिएको थियो।

प्रदूषणले मध्य इरानको इस्फाहान र उत्तरपश्चिमको ताब्रिजलगायत अन्य प्रमुख शहरहरूमा पनि प्रभाव पारिरहेको छ। दक्षिणपश्चिममा रहेको अहवाजमा पनि प्रदूषणको मात्रा उच्च रहेको सरकारी टेलिभिजनले जनाएको छ।

स्थानीय सञ्चारमाध्यमले केही औद्योगिक पूर्वाधारको जीर्ण अवस्था, पुरानो सवारीसाधन र गुणस्तरहीन पेट्रोलका कारण प्रदूषण बढेको बताएका छन्। हालैका हप्ताहरूमा सरकारले केही पावर प्लान्टहरूमा प्रयोग हुने इन्धनलाई पनि योगदानको कारकको रूपमा हेरेको छ।

इरानका स्वास्थ्यमन्त्री मोहम्मद–रेजा जफरघान्डीका अनुसार वायु प्रदूषणका कारण हरेक वर्ष देशभर करीब ५० हजार मानिसको अकालमा मृत्यु हुने गरेको छ। रासस

## अमेरिकाद्वारा चीन र रूसका कम्पनीहरूमा व्यापारमाथि प्रतिबन्ध

वाशिङ्टन, २६ मङ्सिर/एएफपी

संयुक्त राज्य अमेरिकाले मङ्गलवार मानव अधिकार उल्लङ्घनको आरोप लगाउँदै दुई चिनियाँ कम्पनी र रूसका धेरै कम्पनीसहित आठ कम्पनीमा व्यापार प्रतिबन्धको घोषणा गरेको छ।

अमेरिकी अधिकारीहरूले पहिचान गरेका चीनका कम्पनीहरूमा झेजियाङ युनिभ्यु टेक्नोलोजी पर्छ। ती कम्पनीमाथि उइगुर र अन्य जातीय तथा धार्मिक अल्पसङ्ख्यक समूहहरूको निगरानी जस्ता मानव अधिकार उल्लङ्घनलाई सहयोग गरेको आरोप लगाइएको छ।

अमेरिकी वाणिज्य मन्त्रालयले नामकरण गरेको अर्को फर्म बेइजिङ झोङ्डुन सुरक्षा प्रविधि समूह थियो। उक्त कम्पनीले सार्वजनिक सुरक्षा अधिकारीहरूलाई अधिकार उल्लङ्घन गर्न अनुमति दिने उत्पादनहरू विकास र बिक्री गर्ने भनिएको छ।

यी व्यवसायहरूलाई 'सन्दर्भ सूची' मा थपिएको छ। सूचीमा थपिएपछि अमेरिकी कम्पनीहरूलाई तिनीहरूलाई निर्यात गर्नु अघि अनुमतिपत्र लिन आवश्यक पार्छ।

"मानव अधिकार हनन संयुक्त राज्य अमेरिकाको विदेश नीतिको हितविपरीत छ," उद्योग र सुरक्षाका लागि वाणिज्य उपमन्त्री एलन एस्टेवेजले विज्ञप्तिमा भने, "यी कम्पनीहरूलाई सन्दर्भ सूचीमा थप्नुको उद्देश्य अमेरिकी प्रविधि मानव अधिकार उल्लङ्घन र दुर्व्यवहार सक्षम गर्न प्रयोग गरिएको छैन भनेर सुनिश्चित गर्नु हो।"

अमेरिकी सरकार र अन्य पश्चिमी देशका कानून निर्माताहरूले उत्तर–पश्चिमी सिन्जियाङ क्षेत्रमा उइगुर अल्पसङ्ख्यकहरूप्रति चीनले गरेको व्यवहारलाई लक्षित गरेका छन्।

अधिकार समूहहरूले कम्तीमा १० लाख मानिस प्रायः मुस्लिम अल्पसङ्ख्यकहरू यस क्षेत्रमा कैद गरिएका र विभिन्न दुर्व्यवहारको सामना गरिरहेका बताइएको छ। यद्यपि बेइजिङले ती आरोपहरूलाई दृढतापूर्वक अस्वीकार गर्छ।

मङ्गलवारका अन्य लक्षित कम्पनीमा म्यानमाका दुई र रूसका अर्को दुई कम्पनी पर्छन्। ती कम्पनीले म्यानमाको सेनालाई नागरिकहरूविरुद्ध हवाई आक्रमण जस्ता कार्यहरू गर्न अनुमति दिने सामग्रीहरू उपलब्ध गराउँछन्।

अन्य दुई रूसी संस्थालाई मस्कोलाई अनुहार पहिचान प्रविधि उपलब्ध गराएको कारण समावेश गरिएको छ। ती संस्थाको उद्देश्य 'शान्तिपूर्ण प्रदर्शनकारीहरूलाई लक्षित गर्नु' हो र यो रूसको व्यापक निगरानी प्रणालीको एक महत्त्वपूर्ण अवयव हो। रासस

## अमेरिकाले रूसी सम्पत्तिबाट भएको नाफाबाट युक्रेनलाई २० अर्ब डलर ऋण दिने

वाशिङ्टन, २६ मङ्सिर/एएफपी

संयुक्त राज्य अमेरिकाले मङ्गलवार रूसी सम्पत्तिबाट प्राप्त आम्दानीमध्ये युक्रेनलाई २० अर्ब डलर ऋण वितरण गरेको छ। यो जी–७ को ५० अर्ब डलरको समर्थन प्याकेजको हिस्सा हो।

यो रकम अक्टोबरमा जी–७ उन्नत अर्थतन्त्रहरूले अन्तिम रूप दिएको ५० अर्ब डलरको नयाँ ऋणको महत्त्वपूर्ण हिस्सा हो। यसको उद्देश्य मस्कोको जारी आक्रमणविरुद्ध लड्न सङ्घर्ष गरिरहेको बेला किएभलाई मदत गर्नु हो।

जनवरीमा राष्ट्रपति जो बाइडेनले डोनाल्ड ट्रम्पलाई सत्ता हस्तान्तरण गर्नु अघि युक्रेनी पक्षमा अमेरिकी समर्थनको भविष्यबारे प्रश्नहरू उठ्दा यी कोषहरू अत्यन्त महत्त्वपूर्ण समयमा आएका छन्।

आगामी राष्ट्रपतिले सन् २०२२ मा रूसको आक्रमणपछि युक्रेनलाई दिइएको आर्थिक सहयोगको स्तरमा प्रश्न उठाउँदै बिहीवार किएभलाई दिइने सहायता सम्भवतः कम गर्ने बताएका छन्।

"रूसको आफ्नै अचल सम्पत्तिबाट कमाएको अप्रत्याशित आयबाट भुक्तान गरिएका यी कोषहरूले युक्रेनलाई अनावश्यक आक्रमणविरुद्ध आफ्नो देशको रक्षा गर्दा सहयोगको महत्त्वपूर्ण प्रवाह प्रदान गर्नेछ," अमेरिकी अर्थमन्त्री जेनेट येलेनले विज्ञप्तिमा भने, "जी–७ का ऋणहरूले युक्रेनलाई आपत्कालीन सेवा, अस्पताल र आफ्नो साहसी प्रतिरोधका अन्य आधारहरू सञ्चालन गर्न आवश्यक स्रोतहरू सुनिश्चित गर्न सहयोग गर्नेछन्।"

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले मङ्गलवार यसलाई 'न्यायको शक्तिशाली कार्य' भन्दै वितरणका लागि 'गहिरो कृतज्ञ' भएको बताए। "यो समर्थनले युक्रेनको रक्षालाई बलियो बनाउनेछ र हाम्रो सार्वभौमिकता र जनतालाई अनावश्यक आक्रमणबाट जोगाउन मदत गर्नेछ," उनले छुट्टै विज्ञप्तिमा भने।

### अन्तर्राष्ट्रिय समन्वय

यो कदम अमेरिका र यसका सहयोगीहरूबीच कानून भङ्ग नगरी युक्रेनलाई सहयोग गर्न निष्क्रिय रूसी सम्पत्तिको उपयोग गर्ने सर्वोत्तम तरीकाबारे लामो वार्तापछि आएको हो।

"युक्रेनमा क्रूर आक्रमण गरेको रूसले आफ्नो आक्रामकता अन्त्य नगरेसम्म र युक्रेनलाई क्षति पुऱ्याएबापत हाम्रो क्षेत्राधिकारमा रूसी सार्वभौम सम्पत्ति स्थिर रहने जी–७ ले प्रतिबद्धता जनाएको छ," ह्वाइट हाउसका प्रेस सचिव करिन जिन–पियरेले मङ्गलवार पत्रकारहरूलाई भने, "अमेरिका र जी–७ अब त्यस प्रतिबद्धतालाई वास्तविक बनाउँदैछन्।"

युरोपेली सङ्घ (इयू)ले रूसको केन्द्रीय बैंकबाट करीब दुई खर्ब ३५ अर्ब डलर कोष फ्रिज गरेपछि विश्वव्यापी रूपमा मस्कोको अधिकांश अचल सम्पत्तिको घर बनेको छ। यसको करीब ९० प्रतिशत बेल्जियममा आधारित अन्तर्राष्ट्रिय निक्षेप संस्था युरोक्लियरको स्वामित्वमा छ।

वाशिङ्टनले विश्व बैंकलाई २० अर्ब डलर हस्तान्तरण गरेको अर्थ मन्त्रालयले बताएको छ। बैंकले मौजुदा कोषमार्फत युक्रेनलाई रकम उपलब्ध गराउनेछ।

इयूले पहिले नै रूसी निष्क्रिय सम्पत्तिद्वारा समर्थित करीब १९ अर्ब डलरको ऋण प्रतिबद्धता व्यक्त गरेको छ भने बेलायत, क्यानाडा र जापानले पनि योगदान गर्ने बताएका छन्।

युक्रेनलाई ५० अर्ब डलरको ऋण जी–७ देशहरूबाट २०२२ देखि प्राप्त अन्य सहयोगमाथि थपिएको छ।

यसमा वाशिङ्टनबाट करीब ६० अर्ब डलरको सैन्य सहायता र इयू तथा यसका सदस्य राज्यहरूबाट करीब एक खर्ब २० अर्ब युरो (करीब एक खर्ब २७ अर्ब डलर) को समर्थन समावेश छ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – सुयश | वृष – अलमल |
| मिथुन – धनलाभ | कर्कट – सफलता |
| सिंह – राज्यलाभ | कन्या – रोगभय |
| तुला – नारीसुख | वृश्चिक – शत्रुपराजय |
| धनु – ज्ञानोदय | मकर – भयचिन्ता |
| कुम्भ – मित्रमिलन | मीन – अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



**मुस्ताङमा जम्न थाल्यो पानीः** जाडो मौसम शुरू भएसँगै मुस्ताङमा जम्न थाल्यो पानी। मुस्ताङमा अत्यधिक चीसो बढेसँगै खहरे खोला, नदी झरना, कुलो र धाराहरूमा पानी जम्न थालेको छ। तस्बिरः सुशीलबाबू थकाली/रासस

## आयोजना वर्गीकरण नहुँदा समस्या देखियो –अर्थमन्त्री पौडेल

काठमाडौं, २६ मङ्सिर/रासस

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विकास आयोजना कार्यान्वयनका लागि तीन तहका सरकारबीच क्षेत्राधिकार परिभाषित हुन नसक्दा तथा आयोजना वर्गीकरण नहुँदा समस्या देखिएको बताएका छन्।

अर्थ समितिको बुधवारको बैठकमा उनले आयोजनाको वर्गीकरणसम्बन्धी स्पष्ट मापदण्ड बनाएर कुन तहका सरकारले कस्तो आयोजना कार्यान्वयन गर्ने भनेर स्पष्ट पारिनुपर्छ भने। "हामीसँग हजारौंको सङ्ख्यामा खल्तीका आयोजना छन्। विस्तृत अध्ययन र सम्भाव्यताविना नै त्यस्ता आयोजनामा बजेट परेका छन्। सङ्घ सरकारको बजेटमा रु ७५ हजार लागतको योजना पनि परेको देखियो। यसरी हजार र लाखका योजना केन्द्र सरकारले राख्यो भने प्रदेश, स्थानीय तह, वडाले कस्ता योजना बनाऊलान् र कार्यान्वयन गर्लान् ?" उनले भने, "विनियोजन कौशल भएन भने स्रोतको सही सदुपयोग हुन सक्दैन। यस कारण योजनाको वर्गीकरण चाहियो।" निर्माण व्यवसायीको दायित्व सरकारले नरोकेको पनि उनको भनाइ छ। विधि र प्रक्रिया पुऱ्याएर आए सरकारले कुनै पनि निर्माण व्यवसायीको भुक्तानी नरोक्ने उनले स्पष्ट पारे।

मुलुकको अर्थतन्त्रको अवस्था बिस्तारै सुधारोन्मुख देखिए पनि त्यसको गतिबाट आफू सन्तुष्ट नरहेको पनि अर्थमन्त्री पौडेलको भनाइ छ। "अर्थतन्त्रमा रहेको समस्या र दबाबबाट बिस्तारै बाहिर निस्कन खोज्दैछौं। लामो समयदेखि थुप्रिंदै गएका समस्या भएकाले आजको भोलि नै समाधान हुन सक्दैन," अर्थमन्त्री पौडेलले भने, "विदेशी मुद्रा सञ्चिति राम्रो छ। पर्याप्त तरलता र ब्याजदर घटेको छ। मुद्रास्फीति वाञ्छित सीमाभित्र छ। तर यो प्रगतिसँग हामी सन्तुष्ट छैनौं। यसमा थप सुधार आवश्यक छ। अहिलेको सुधारमा मात्रै चित्त बुझाएर हुँदैन।"

गत आर्थिक वर्षको पहिलो चौमासिक अवधिको तुलनामा चालू आर्थिक वर्ष २०८१/८२ को सोही अवधिमा सरकारी राजस्व बढेको देखिए पनि लक्ष्य अनुसार भने अझै सङ्कलन हुन नसकेको अर्थमन्त्री पौडेलले बताए। राजस्व प्रशासनमा रहेका समस्यालाई गम्भीर भएर निगरानी बढाइए पनि सरकारका प्रयास सम्पूर्णरूपमा सफल हुन नसकेको उनको भनाइ छ। चालू आर्थिक वर्षको बजेटमार्फत सरकारले राखेको राजस्व लक्ष्य हासिल गर्न गत आर्थिक वर्षको भन्दा करीब ३० प्रतिशत बढी राजस्व उठाउन पर्नेगरी महत्त्वाकाङ्क्षी भएर अर्थ मन्त्रालयले काम गरिरहेको उन्को भनाइ छ।

अहिले बजारमा तरलता पर्याप्त हुँदा र ब्याजदर घट्दा पनि लगानी बढ्न नसक्नुको कारणबारे आफूले नेपाल राष्ट्र बैंकसँग कुरा गरेको पनि अर्थमन्त्री पौडलले समितिलाई जानकारी दिए। त्यस्तै, शेयर भित्री कारोबार (इनसाइडर ट्रेडिङ) र कर्नरिग जस्ता समस्या देखिएकाले त्यसलाई नियन्त्रण गर्नका लागि पहल भइरहेको उनको भनाइ छ। नेपालले इतिहासमैं पहिलोपटक मुलुकको सार्वभौम साख मूल्याङ्कन गरेको र यसको नतीजा सन्तोषजनक अवस्थामा देखिएकोले अब बिस्तारै लगानी बढ्दै जाने आशा व्यक्त गरे। सरकारले आफ्नो आवश्यकता र क्षमता हेरेर सार्वजनिक ऋण लिने पनि उनले स्पष्ट पारे।

बैठकमा पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले घटेको बजार माग र निजी क्षेत्रको मनोबल उकास्नु अहिलेको मुख्य चुनौती रहेको बताए। "हाम्रो अर्थतन्त्रका समस्या बिस्तारै कम हुँदै गए पनि अझै कायम छन्। निजी क्षेत्रको आत्मविश्वास बढाउने चुनौती हाम्रासामु छ। बजारमा माग पनि घटेको छ," डा महतले भने, "शेयर बजारमा सुधार भएपनि स्वस्थकररूपमा विकास हुन सकेको छैन। नियामक निकायहरूले समस्या हल गर्नेभन्दा पनि समस्या बढाउने काम गरेका छन्।" नेपालको बीमा क्षेत्र निकै अपारदर्शी रहेको र त्यहाँ मिलेमतो गरेर बीमाको दररेर आफूखुशी तय गर्ने प्रवृत्तिले कारोबार लागत बढी हुन गई आयोजनालाई समस्या भइरहेको उनको भनाइ छ।

त्यस्तै, वैदेशिक सहयोगका आयोजनालाई दिइएको भन्सार छुट दुरुपयोग भइरहेको पनि पूर्वअर्थमन्त्री डा महतको भनाइ छ।

उनले भने, "नेपालको सार्वजनिक ऋणको दायित्व निकै बढी भइसकेकोले अब विचार पुऱ्याएर मात्र ऋण लिनुपर्छ, द्विपक्षीय ऋण रोक्नैपर्ने बेला भएको छ। बहुपक्षीयबाट भने लिन सकिन्छ। किनकि त्यसका सेवा शर्त सहज छन्।"

समिति बैठकमा पूर्वअर्थमन्त्री वर्षमान पुनले मुलुकमा नयाँ चरणको आर्थिक सुधार आवश्यक रहेको बताए। चालू आर्थिक वर्षको बजेटमार्फत सरकारले नयाँ चरणको आर्थिक सुधारका लागि प्रक्रिया थाल्ने उल्लेख गरेको र त्यसका लागि सरकारले उच्चस्तरीय सुझाव

(बाँकी अन्तिम पातामा)

### नेपाल ...

वस्तु तथा सामान बरामद गरेको थियो। अनौपचारिक ढङ्गबाट आएका सामानको भने कुनै विवरण नै छैन।

सीमा क्षेत्रमा चोरी तस्करीका गतिविधि बढेसँगै वीरगंजका दुई ठूला भन्सार कार्यालयको राजस्व सङ्कलन पनि अपेक्षाकृत सुधार हुन सकेको छैन। वीरगंज भन्सार कार्यालयले आव २०८०/८१ मा रु दुई खर्ब ४५ अर्ब ८८ लाख ५० हजार ८१ राजस्व सङ्कलन गर्ने लक्ष्य पाएको थियो। सो अवधिमा कार्यालयले लक्ष्यको रु एक खर्ब ५७ अर्ब ४० करोड ३१ लाख २८ हजार (६४ दशमलव एक प्रतिशत) मात्र राजस्व सङ्कलन गरेको थियो। वीरगंजको सुक्खा बन्दरगाह भन्सार कार्यालयले पनि गत आवमा लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सकेन। भन्सार विभागले गत आवमा सुक्खा बन्दरगाहलाई रु ६५ अर्ब ९४ करोड एक लाख २२ हजार रकम राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो। कार्यालयले वार्षिक लक्ष्यको रु ४७ अर्ब ३१ करोड एक लाख ९० हजार (७१ दशमलव ७५ प्रतिशत) राजस्व सङ्कलन गरेको छ।

सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले भन्सार मूल्याङ्कन पुस्तिका खारेज नभएकाले पनि अनौपचारिक अर्थतन्त्रले प्रश्रय लिंदै आइरहेको दाबी गरे। "जुन खालको भन्सार मूल्याङ्कन प्रणाली लागू गरिएको छ। यसले औपचारिकभन्दा अनौपचारिक अर्थतन्त्रलाई बल मिलेको छ। यसलाई सुधार्न जरुरी छ।"

प्रमुख भन्सार प्रशासक दीपक लामिछाने केही दिन अघि आयोजित राजस्व चुहावट नियन्त्रणसम्बन्धी कार्यक्रममा आयातकर्ताले पनि अन्तर्राष्ट्रिय प्रावधान अनुसार हार्मोनाइज्ड सिस्टम 'एचएस कोड'को पालना गर्दै मालसामान आयात नगर्दा केही प्राविधिक समस्या आएको बताउँछन्। "मुलुकको राजस्वको मुख्य आधार नै आयातमुखी छ। आयात घट्दा राजस्व सङ्कलन पनि घटेको छ," उनले भने, "हामी उद्योगी–व्यवसायीका सहजकर्ता हौं, उहाँहरूका सामानलाई सहज ढङ्गले आयात–निर्यात गराउनेतर्फ हाम्रो ध्यान सधैं केन्द्रित छ।"



# डिएभिआरवी केडिया स्कूलको वार्षिकोत्सवमा सम्मान कार्यक्रम

प्रस, वीरगंज, २६ मङ्सिर/

डिएभिआरबी केडिया स्कूलको ३१औं वार्षिकोत्सवमा विभिन्न व्यक्ति र विद्यार्थीहरूलाई सम्मानित गरिएको छ।

विद्यालयका सुनील केडियाको अध्यक्षतामा भएको कार्यक्रममा भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवीसहाय मीणा, ज्ञानदा एकेडेमीका कार्यकारी अधिकृत डा राजेन्द्रप्रसाद कोइराला, कादम्बरी एकेडेमीका प्रअ राजेन्द्र आचार्य, डिपिएसका सप्रअ रञ्जीव आनन्दलगायतको सहभागिता थियो।


तस्वीर: सौजन्य

कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका विद्यालयका प्रअ राकेश मिश्रले बताए।

# स्वतन्त्र सेनानी यादवको १०५ वर्षको उमेरमा निधन


तस्वीर: प्रतीक

नरेश यादव, पर्सागढी, २६ मङ्सिर/ स्वतन्त्र सेनानी वीरगंज महानगरपालिका-२९ निवासी लक्ष्मणप्रसाद यादवको १०५ वर्षको उमेरमा निधन भएको छ।

उनको निधनप्रति नेपाली काङ्ग्रेसका क्षेत्रीय सभापति महम्मद सहाबुद्दीन, पूर्व प्रदेशसभा सदस्य राजेश्वर साह तेली, जसपाका सुरज मानन्धरलगायतले पार्टीको झन्डा ओढाएर सम्मान गरेका थिए।

स्व साहको आज नजीकैको श्मशानघाटमा अन्त्येष्टि गरिएको उनका छोरा नेपाली काङ्ग्रेसका जिल्ला सहसचिवसमेत रहेका मदनप्रसाद यादवले जानकारी गराएका छन्।


## आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेरमात्र सुतौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- गिजरलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं,
- बाथरूममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरूममा नबसौं,

नेपाल सरकार
विज्ञापन बोर्ड


# सडक ढलानको शिलान्यास

धर्मेन्द्र चौरसिया, ठोरी, २६ मङ्सिर/ ठोरी गाउँपालिका-५ सुवर्णपुर,


तस्वीर: प्रतीक

छिरिङ टोलदेखि उत्तरी भेग क्षेत्रीलाइन जाने सडक ढलान निर्माण कार्यको गापा अध्यक्ष लालबहादुर श्रेष्ठले शिलान्यास गरेका छन्।

विगत लामो समयदेखि बन्न नसकेको सो सडक ढलान हुँदा सो भेगका स्थानीय खुशी भएका छन्। वर्षायाममा हिलाम्य हुने सो सडक ढलान भएपछि आवतजावत सहज हुने अध्यक्ष श्रेष्ठले बताए।

सडक ढलान भएपछि एक गाउँबाट अर्को गाउँ जान-आउन सहज हुने स्थानीयले बताए। पालिकाको रु १० लाखको लागतमा १०० मिटर लम्बाइ र १३ फिट चौडाइ सडक ढलान हुने अध्यक्ष श्रेष्ठले बताए। शिलान्यास कार्यक्रममा स्थानीय जनप्रतिनिधि, पालिकाका कर्मचारीलगायतको सहभागिता थियो।

### आयोजना....

कार्यदल पनि गठन गरिसकेको उनको भनाइ छ। चालू आर्थिक वर्षको बजेटका सिद्धान्त तथा प्राथमिकता पूर्वअर्थमन्त्री डा महतले तयार पारेको, बजेट आफूले तयार पारेको र कार्यान्वयन गर्ने बेलामा वर्तमान अर्थमन्त्री पौडेलले जिम्मेवारी सम्हालेकाले अहिलेको बजेट पूर्वाग्रहरहित भएर कार्यान्वयन गर्न पनि उनले आग्रह गरे। लक्षित राजस्व पुऱ्याउनका लागि सरकारका अहिलेका प्रयास पर्याप्त नरहेको पनि पुनको भनाइ छ।

सहकारी क्षेत्र नियमनका लागि जतिसक्दो चाँडो छुट्टै निकाय गठन गर्न पनि उनले सरकारसँग आग्रह गरे। बैठकमा सांसद उपेन्द्र यादवले कोभिड-१९ महामारीपछि बन्द रहेका छोटी भन्सार कार्यालयहरू सञ्चालनमा ल्याइनुपर्ने तथा सीमा क्षेत्रमा हुने चोरी-पैठारी रोकिनुपर्ने विषय उठाए।






# खेलकूदको संसार

## सुदूरपश्चिम रोयल्सद्वारा जनकपुर पराजित

काठमाडौं, २६ मङ्सिर/रासस

नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत बुधवार भएको पहिलो खेलमा सुदूरपश्चिम रोयल्सले जनकपुर बोल्ट्सलाई पराजित गर्दै विजयी भएको छ। प्रतियोगितामा जनकपुरको यो पहिलो हार हो।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा सुदूरपश्चिमका स्पिनरले उत्कृष्ट प्रदर्शन गरेपछि जनकपुर बोल्ट्सलाई ७२ रनले पराजित गर्दै सुदूरपश्चिम विजयी भएको हो। सुदूरपश्चिमले जीतका लागि दिएको १२४ रनको लक्ष्य



पछ्याएकामा जनकपुरले १२ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै ५१ रनमा समेटियो।

पाँच खेल खेलेको जनकपुर र सुदूरपश्चिमको अङ्कतालिकामा समान आठ/आठ अङ्क छ। जनकपुरका लागि जोसुअ ट्रोम्पले सर्वाधिक १३ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। जनकपुरलाई ५२ रनमा अलआउट गर्न सुदूरपश्चिमका लागि हर्मित सिंह, दीपेन्द्रसिंह ऐरी र इशान पाण्डेले समान दुई/दुई विकेट लिए। सैफ जैब, स्कट कुगुलेइन र नरेन साउदले समान एक/एक विकेट लिए।

त्यस अघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १२३ रनको योगफल बनाएको थियो। सुदूरपश्चिमका लागि ओपनर विनोद भण्डारीले ३७ बलमा तीन चौका र एक छक्काको मद्दतमा सर्वाधिक ३३ रन बनाए। सैब जैबले २१, इशान पाण्डेले १७, ब्रान्डन म्याकमुलेनले ११ रन बनाए। त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

जनकपुरका लागि किशोर महतो एक्लैले चार विकेट लिए। त्यस्तै, शेर मल्ल र अरनिको यादवले समान दुई/दुई विकेट झारे भने हर्ष ठाकरले एक विकेट लिए।

## एनपिएलबाट बाहिरियो लुम्बिनी लायन्स

काठमाडौं, २६ मङ्सिर/रासस

एनपिएलमा लुम्बिनी लायन्स काठमाडौं गुर्खाजसँग १८ रनले पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको छ। एनपिएलबाट बाहिरिने लुम्बिनी पहिलो टोली हो।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा काठमाडौंले जीतका लागि दिएको १०४ रनको विजयी लक्ष्य पछ्याएको लुम्बिनी १९ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै ८५ रनमा समेटियो। लुम्बिनीका लागि सन्दीप जोराले सर्वाधिक २६ रन बनाए। उनले २९ बलमा दुई चौका प्रहार गरे।

त्यसैगरी, उन्मुक्त चन्दले १९ बलमा १३ रन बनाउँदा सूर्य तामाङ ११ रन जोड्दै अविजित रहे। त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। कप्तान रोहित पौडेल आठ, टम मुर्स छ तथा ओपनर आशुतोष घिरैया चार रनमा आउट भए। काठमाडौंका लागि कप्तान करण केसीले चार विकेट लिए भने दीपेश कँडेलले तीन विकेट लिए। त्यस्तै, जेहाङ एराम्ससले दुई विकेट लिए।

त्यस अघि टस जितेर पहिला ब्याटिङ गरेको काठमाडौंले १९ दशमलव दुई ओभरमा १०३ रनको योगफल बनाएको थियो। काठमाडौंका लागि भीम सार्कीले सर्वाधिक ३१ रन बनाए। भीमले ४० बलमा एक चौका प्रहार गरेका थिए। त्यस्तै, डचान डुवाथवेटले २१ रन बनाएर आउट भए। प्रतीक श्रेष्ठले २० रन बनाउँदा स्टेफन स्केनाजी १३ रनमा आउट भए। त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

लुम्बिनीका लागि साद विन जाफरले तीन विकेट लिए भने अभिषेक गौतम र रेमन सिमन्ड्सले समान दुई/दुई विकेट लिए। त्यस्तै, सूर्य तामाङ र विवेक यादवले समान एक/एक विकेट लिए।

पराजित लुम्बिनीको छ खेलमा पाँचमा हार र एकमा जीतसहित दुई अङ्क छ। यस हारसँगै लुम्बिनी लिग चरणको एक खेलअगावै प्रतियोगिताबाट बाहिरिएको हो। लुम्बिनी यस अघि विराटनगर किङ्ग्स, पोखरा एभेन्जर्स, सुदूरपश्चिम रोयल्स र जनकपुर बोल्ट्ससँग पराजित भएको थियो। हिजो भएको खेलमा भने लुम्बिनीले चितवनलाई पराजित गरेको थियो।

चार खेलमा दुईमा हार र दुईमा जीतका साथ काठमाडौं तालिकाको पाँचौं स्थानमा उक्लिएको छ। यो खेलमा जीतसँगै काठमाडौंको प्लेअफ खेल्ने सम्भावना कायमै छ। उक्त प्रतियोगित अन्तर्गत भोलि बुधवार दुई खेल हुनेछन्। जसमा बिहान ९ बजे पहिलो खेल पोखरा एभेन्जर्स र विराटनगर किङ्ग्स तथा दिउँसो १ बजे दोस्रो खेल जनकपुर बोल्ट्स र काठमाडौं गुर्खाजबीच हुनेछ।

## ब्रायन लारा नेपाल आउँदै

प्रस, परवानीपुर, २६ मङ्सिर/

वेस्ट इन्डिजका विश्व चर्चित क्रिकेट खेलाडी ब्रायन लारा नेपाल आउने भएका छन्। नेपाल प्रिमियर लिग हेर्न र नेपालको भ्रमण अवलोकनका लागि उनी डिसेम्बरको तेस्रो साता नेपाल आउन लागेका हुन्।

एनपिएल हेर्न क्यान नेपालले दिएको निम्तो स्वीकार्दै उनी सम्भवतः २१ डिसेम्बर नेपाल आउने सूचना पाएको क्यान नेपालका केन्द्रीय सदस्य एवं क्यान पर्साका अध्यक्ष मनीष सिंहले जानकारी गराए।



उनले एनपिएलको फाइनल खेल २१ डिसेम्बरमा हुने र लारा २० डिसेम्बरमा आएर २५ सम्म नेपाल र हेर क्रिसमस डे मनाइ स्वदेश फर्किने कार्यक्रम रहेको उनले बताए।

विश्वकै लेजेन्डी क्रिकेटरको रूपमा चिनिने लारा पहिलोपल्ट नेपाल आउन लागेका हुन्। यस अघि नेपाल टी-२० विश्वकपमा छनोट हुँदा सामाजिक सञ्जाल एक्सबाट नेपाललाई बधाई दिँदै नेपाल आउने इच्छा प्रकट गरेका थिए। लाराले वेस्ट इन्डिजको लागि १३१ टेस्टमा झन्डै १२ हजार रन बनाएका छन् भने २९९ एकदिवसीय खेल्दा १० हजारभन्दा बढी रन बनाएका छन्। उनले वेस्ट इन्डिजको लागि सन् २००४ को च्याम्पियन ट्रफी जिताएका थिए। उनी क्रिकेटजगत्मा 'द प्रिन्स' उपनामले चिनिन्छन्।